


● वर्ष १४ ● अंक ३७ ● काठमाडौं, शुक्रबार, माघ २४, २०६५ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Feb 6, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-



# खटपटले लियो नयाँ मोड



● अश्विनी कोइराला



काठमाडौं- पूर्व युवराज तथा युवराज्ञी हिमानीबीच बढ्दै गएको खटपट पारपाचुकेमा पुग्ने स्थिति तत्कालका लागि टरेको बताइन्छ। दुवैबीच विवाह भएको गत जनवरी २५ मा नौ वर्ष पुगेको छ। आफ्नो विवाहको नवौं वार्षिक समारोह हुनुअघि नै यी दुईबीच सम्बन्धविच्छेद हुनसक्ने सूचनाहरू आइरहेका थिए। दुई छोरी तथा एक छोरा भएको यो जोडीबीचको मतभेद उत्कर्षमा पुगेपछि सञ्चारकर्मीहरूले पनि आफ्नो ध्यान उनीहरूतर्फ केन्द्रित गरेका थिए।

स्रोतका अनुसार हिमानी शाह लाख प्रयास गर्दा पनि श्रीमान्ले आफ्नो 'पुरानो बानी' नत्यागेका कारण पारपाचुकेको निर्णयमा पुगेकी थिइन्, तर पूर्वराजा ज्ञानेन्द्र, दिदी-भिनाजु रेष्मा तथा प्रशिद्धशमशेर राणा एवं बुबा राजविक्रम सिंहले तत्कालका लागि यो निर्णय फिर्ता लिन आग्रह गरेपछि हिमानीले पारसलाई पठाउने भनिएको पारपाचुकेको कागज नपठाएको बताइन्छ। एक महिनायता नेपालका अन्तिम राजकुमार-युवराज्ञी पारस-हिमानीबीच भएका खटपटका सम्बन्धमा केही सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरिरहेका थिए।

गत जेठ १५ मा नेपाललाई गणतन्त्र घोषणा गरिएलगत्तै विरक्तिएर देश छाडेका पूर्वयुवराज पारसले सिंगापुरमा करिब ७ करोड खर्च गरेर घर किनेका थिए। त्यसलगत्तै करिब ९ करोडको ल्याम्बोर्गिनी कम्पनीको कार लिएपछि उनी सधैंका लागि सिंगापुर बसाइँ सरेको पुष्टि भयो। सिंगापुरमा सबै व्यवस्था गरेपछि श्रीमती हिमानी तथा छोराछोरीलाई पनि उनले सिंगापुर नै बोलाए। छोराछोरीको अध्ययनका लागि आफू पनि सिंगापुर नै बस्ने हिमानीको योजना पनि त्यसै बखत सार्वजनिक भयो। केही समयपछि छोरा हृदयेन्द्र

**बाँकी पृष्ठ ३ मा**




साप्ताहिक

## ● क्यासेट ●

### २४ क्यारेट



गीतकार जीएम प्रधानका पपगीतहरूको संग्रह '२४ क्यारेट' श्रोतामाझ आएको छ। यो संग्रहमा जेम्स प्रधान, सुगम पोखरेल, बाबु बोगटी, प्राश्ना शाक्य, अराज केशव, मोहित मुनाल, दीपेशकिशोर भट्टराई, धर्मेन्द्र सेवान, अनिल सिंह, सरोज दत्त, शैलेन प्रधान, संजय किशोर आदि गायक-गायिकाको स्वर तथा संगीत सुन्न सकिन्छ।

### जदौ भाग-२



गायक राजेशपायल राईका गीतहरूको नयाँ संग्रह 'जदौ भाग-२' बजारमा आएको छ। संग्रहका गीतमा कविता राई, सिन्धु मल्ल, सुनिता सुब्बा तथा तारा राईले पनि स्वर प्रदान गरेका छन्। सम्झना अडियोले बजारमा ल्याएको यो संग्रहका गीतहरू नवीन थेवे, समृद्धि वैद्य, महेश मार्शेली, उपेन्द्र सुब्बा, दिनेश वान्तवा तथा सुभाष खामोहीले संकलन गरेका हुन्।

### जे पनि



गायक प्रवलदीप विश्वासले गाएका पप गीतहरुको नयाँ संग्रह बजारमा आएको छ। सम्झना अडियोले बजारमा ल्याएको यो संग्रहका विश्वासको स्वरमा सजिएका दश गीत समावेश गरिएको छ। संग्रहमा गायकले 'हाटमे देखलियो' बोलको पहिलो थारु ऱ्याप गीत पनि समावेश गरेका छन्। जेम्स प्रधान, महेश ज्ञवाली, महेश-रमेश, उदेश श्रेष्ठ, विक्रम थापा, विकास झा, सुजित सुवेदीले संगीतवद्ध गीतहरु संग्रहमा राखिएका छन्।

## ● रंगमञ्च ●

● अल्वेयर कामुको नाटक 'न्यायप्रेमी' फेरि मञ्चमा आएको छ। सन् १९०५ मा जारकालीन रूसमा घटित सत्य घटनामा आधारित नाटक 'न्यायप्रेमि' पुरानो बानेश्वरस्थित गुरुकुलमा गत शनिबारदेखि मञ्चन गर्न थालिएको छ। रूसको ऐतिहासिक पृष्ठभूमि बोकेको यो नाटकमा रूसको समाजवादी क्रान्तिकारी पार्टीको सशस्त्र समूहले तत्कालीन जारका काका सेर्गईमाथि बम प्रहार गर्दाको घटना समेटिएको छ। आरोहण गुरुकुलको वार्षिकोत्सवका अवसरमा मञ्चित नाटकको निर्देशन सुनिल पोखरेलले गरेका हुन्। सुनिलसँगै नाटकमा प्राध्यापक सञ्जीव उप्रेती, पत्रकार दिलभूषण पाठक, निशा शर्मा, कर्मा शाक्य, वसन्त भट्ट, सरिता गिरी आदिले अभिनय गरेका छन्। नाटक दुई सातासम्म मञ्चन गरिनेछ।

● कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा गत शनिबार नै रवीन्द्रनाथ टैगोरको कथा 'काबुलीवाला' लाई पाठशाला नेपाल फाउन्डेसनका विर्द्यार्थीले नाटकको रूप दिएका छन्। नोबेल पुरस्कार विजेता टैगोरको कृतिमा काबुल (अफगानिस्तान) को फिरन्ते व्यापारी तथा केटाकेटीबीचको सम्बन्धलाई मन छुने गरी प्रस्तुत गरिएको छ। राजन खतिवडाको निर्देशनमा नाटकमा फाउन्डेसनका विद्यार्थीहरूले नै अभिनय गरेका थिए।

● थाइल्यान्डको राजधानी बैंककमा गत माघ १९ देखि पर्सि आइतबारसम्म चल्ने अन्तर्राष्ट्रिय नाटक महोत्सवमा नेपालका तर्फबाट सर्वनाम नाट्य समूहले भाग लिँदै छ। महोत्सवमा सर्वनामले 'इतिहासको बाँकी पृष्ठ' नाटक प्रस्तुत गरेको छ। नाटक प्रदर्शनका लागि सर्वनामको समूह गत बैंककतर्फ प्रस्थान गरेको थियो। उक्त नाटक देशका ४० भन्दा बढी स्थानमा मञ्चन भैसकेको छ। गत वर्ष उक्त नाटक भारतको दिल्ली तथा बरेलीमा समेत देखाइएको थियो। एसिया तथा युरोपका विभिन्न राष्ट्रको सहभागितामा थाइल्यान्डमा सञ्चालन भैरहेको महोत्सवमा नाटकका लेखक तथा निर्देशक अशेष मल्लको नेतृत्वमा ओममणि शर्मा, इन्द्ररत्न बज्राचार्य, सावित्री मल्ल, न्हँच्छे श्रेष्ठ, रामहरि खड्का, सविता लामा, सुष्मा कोइराला तथा घनश्याम श्रेष्ठको सहभागिता छ।

● अँध्यारोविरुद्ध स्रष्टाको आन्दोलन केही समयअघि जनकपुरमा हत्या गरिएकी पत्रकार उमा सिंह, प्रजातान्त्रिक आन्दोलनमा ज्यान गुमाएका सहिद तथा लोडसेडिङबाट पीडित व्यापारीलाई चरित्रका रूपमा उतारिएको प्रयोगात्मक नाटक 'अँध्यारोविरुद्ध एउटा आन्दोलन' गत शुक्रबार राजधानीमा मञ्चन गरियो। उक्त नाटक शिल्पी कला समूहले प्रस्तुत गरेको हो। भिन्न प्रयोगका रूपमा प्रस्तुत उक्त नाटकमा दर्शकहरूलाई पनि पात्रकै रूपमा उभ्याइएको थियो। यो कार्यक्रमलाई अभियानकै रूपमा श्रृंखलाबद्ध ढंगले देशका विभिन्न ठाउँमा पुऱ्याइने आयोजकहरूले बताएका छन्।

## ● ग्यालरी ●

● प्रेमदिवसको अवसर पारेर कलाकार रागिनी उपाध्यायले तयार पारेका चित्रहरूको प्रदर्शनी 'लभ इन द एयर' पर्सि आइतबारदेखि राजधानीमा प्रारम्भ हुँदैछ। आइतबार साँझ ५:३० बजे उद्घाटन हुने उक्त प्रदर्शनी एक महिनासम्म जारी रहनेछ। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा हुने यो प्रदर्शनीको उद्घाटन युरोपियन युनियनका नेपालस्थित प्रतिनिधि डा. अलेक्जेन्डर स्पाचिजले गर्नेछन्।

## ● चलचित्र ●

### वान डे



लागूऔषधको प्रयोग तथा त्यसको दुष्प्रभावका सम्बन्धमा अनेकौं चलचित्र, टेलिचलचित्र तथा वृतचित्र बनेका छन्। यसबीच युवावर्गमा बढ्दै गएको लागूऔषध दुर्व्यसनको विषयलाई लिएर रामप्रसाद रिजालले निर्माण गरेको चलचित्र 'वान डे' सार्वजनिक हुने भएको छ। निर्देशक लक्ष्मण रिजालको निर्देशनमा तयार भएको यो चलचित्र काठमाडौं तथा मोफसलका चलचित्र भवनहरूबाट एकसाथ प्रदर्शनमा आउनेछ। सुमन सिंह, उषा रजक, प्रदीपप्रकाश धिताल, अञ्जान शर्मा, लक्ष्मण बस्नेत, रोशनी कार्की आदि कलाकारले अभिनय गरेको 'वान डे' मा मानवजीवनमा एक दिन कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा देखाइएको छ। एक दिनको गल्तीले गर्दा जीवन कसरी तहस-नहस हुन्छ भन्ने सन्देश चलचित्रमार्फत प्रस्तुत गर्न लागिएको निर्माता रिजालले बताए। प्रदीप भट्टको लेखन तथा जीवन श्रेष्ठको छायांकन रहेको यो चलचित्रले बाटो बिराएका युवामा जिम्मेवारीबोध गराउने कुरा पनि उनले बताए।

### थरिङ-थरिङ



झन्डै एक दर्जनभन्दा बढी तामाङ चलचित्रको निर्माण एवं निर्देशन गरिसकेका सन्तलाल घिसिङको एउटा अर्को तामाङ चलचित्र 'थरिङ-थरिङ'को प्रदर्शन सोनाम ल्होसारको अवसरमा प्रदर्शन हुँदैछ। तामाङ जाति सामाजिक, आर्थिक तथा राजनैतिक कारणले एक-अर्काबाट टाढा भैरहेको सन्दर्भमा एकजुट हुन आग्रह गरिएको यो चलचित्रमा दुई पुस्ताको प्रेमकथा पनि समेटिएको छ। चलचित्रमा नवाङ लामा, रोशनी लामा, रञ्जिता लामा, सन्दीप स्याङ्दन, गौरी लामा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। चलचित्रका संगीतकार रञ्जित योञ्जन हुन्। निर्माता तथा निर्देशक घिसिङका अनुसार यो चलचित्रलाई तामाङ बस्तीहरूमा प्रदर्शन गरिँदैछ। 'थरिङ-थरिङ'को अर्थ 'टाढा-टाढा' हुन्छ।

### चल चला चल

बलिउडमा आज शुक्रबार प्रदर्शन हुने 'चल चला चल' हास्यप्रधान चलचित्र हो। गोविन्दा, रिमा सेन, मुरली शर्मा, राजपाल यादव, ओम पुरी, असरानी, मनोज जोशी, उपासना सिंह आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्देशक राजीव कुमार हुन्। यसअघिका चलचित्रमा झैं यसपटक पनि गोविन्दाले हास्यप्रधान भूमिका निर्वाह गरेका छन्। दर्शक हँसाउन उनलाई राजपाल यादवले पनि साथ दिएका छन्। अनु मलिक तथा आनन्द राज आनन्दद्वारा संगीतबद्ध यो चलचित्रमा गोविन्दाले जागिर परिवर्तन गरिरहने व्यक्तिको भूमिका निर्वाह गरेका छन्। भ्रष्टाचारको विरोध गरेकै कारण उनी जागिर परिवर्तन गर्न बाध्य भैरहन्छन्। शिक्षण पेसामा आबद्ध गोविन्दाका बुबालाई विद्यालयले तलबको साटो स्कुल बस उपलब्ध गराएपछि चलचित्रको कथाले नयाँ मोड लिन्छ। गोविन्दाले साथी राजपालसँग मिलेर उक्त बसलाई 'चल चला चल ट्रान्सपोर्ट' का रूपमा सञ्चालन गर्छन्। यद्यपि यो व्यवसायमा पनि उनलाई भ्रष्टाचारले पछ्याइरहन्छ। बसका चालक, कन्डक्टर, युनियनका नेता, यात्रु आदि विभिन्न वर्गबाट पीडित गोविन्दा यी सबै समस्याबाट कसरी उम्कन्छन् भन्ने कुरालाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।

### द पिङ्क प्यान्थर-२



पूर्व विश्वसुन्दरी तथा बलिउड अभिनेत्री ऐश्वर्या रायद्वारा अभिनीत हलिउड चलचित्र 'द पिङ्क प्यान्थर-२' को सार्वजनिक प्रदर्शनी आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। १ घण्टा ३२ मिनेट लामो यो सिक्वेल चलचित्रलाई कमेडी तथा थ्रिलर चलचित्रका रूपमा वर्गीकरण गरिएको छ। सोनी पिक्चर्सले वितरण गर्न लागेको यो चलचित्रमा ऐश्वर्या रायका अतिरिक्त स्टिभ मार्टिन, एन्डी गार्सिया, जोन क्लिसी, अल्फ्रेड मोनिला आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। चलचित्रको निर्देशन हाराल्ड जेवार्टले गरेका हुन्। अमूल्य पिङ्क प्यान्थरसहित बहुमूल्य गरगहना चोरी भएपछि उत्पन्न परिस्थितिलाई चलचित्रको मुख्य विषय बनाइएको छ। चोरी भएका अमूल्य वस्तुको खोजी गर्न प्रहरी अधिकृतले अन्तर्राष्ट्रिय विशेषज्ञ तथा जासुसहरूलाई खटाउँछन्। चोरहरूलाई गिरफ्तार गर्न तथा चोरिएका सामग्री फिर्ता गर्न तयार पारिएको सुरक्षा दस्ता आफ्नो कार्यमा सफल होला त ? चलचित्रको क्लाइमेक्समा यही विषयलाई आकर्षक ढंगले चित्रण गरिएको छ।



धरान-धनकुटा पूर्वाञ्चल लोकदोहोरी

## तपाईंको यो साता



### यो साताको पञ्चाङ्ग

माघ २४ गते : भीमा एकादशी, २५ गते शौभाग्य सूर्यदान, २६ गते पशुपतिनाथको छायाँ दर्शन, २७ गते स्वस्थानी व्रतकथा समाप्त, झापामा किचक वधमेला, माघ स्नान समाप्त, फागुन १ गते कुम्भ संक्रान्ति।

### मेष

जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। आफ्नै प्रयासले नयाँ काम हात पार्न सफल हुनुहोला। बौद्धिक क्षेत्र अनुकूल रहनेछ। मित्रहरूबाट सहयोग पाइनेछ। घरेलु कार्यमा मन जानेछ। प्रशंसकहरू प्रशस्तै हुनेछन्। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### मिथुन

स्वास्थ्यको ख्याल गर्नुहोला। मन चिन्तित भए पनि मानसम्मान पाउने, भोजभतेरमा संलग्न हुने तथा काममा सुधार आउने योग छ। आफन्तहरूको सहयोग जुट्नेछ। सवारी चढ्दा-चलाउँदा तथा यात्रा गर्दा सजग रहनुपर्ने बेला छ। गोपनियता अपनाउनु उचित हुन्छ।

### सिंह

शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर पनि प्राप्त होला। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### तुला

भाग्यले साथ दिनेछ। धर्मकर्ममा रुचि बढ्नेछ। व्यवसायमा सफलता पाउनुहोला। आफन्तहरूले सहयोग गर्नेछन्। मानसम्मान पनि प्राप्त हुनेछ भने पराक्रम बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। ठूला व्यक्तिले तपाईंप्रति भरोसा व्यक्त गर्नेछन्।

### धनु

रमाइलो यात्रा हुनसक्छ। भेटघाटमा मन प्रसन्न रहला। अरूबाट सहयोग पनि मिल्नेछ। व्यवसायमा सफलता पाउनुहोला। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार र सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### कुम्भ

अप्ठ्याराहरू आउनेछन्। काममा अवरोध पनि आउला। शत्रुले प्रतिष्ठा गिराउने प्रयास गर्नेछन्। झूटा आरोप पनि लाग्नसक्छ। अध्ययन एवं वैदेशिक कार्यमा सफलता हात लाग्नेछ। आफन्तहरूको सहयोग प्राप्त होला। आध्यात्मिक चिन्तनमा समय बिताउनु उचित हुन्छ।

### वृष

अरूलाई आकर्षित गर्न सकिनेछ। मुहारमा मुस्कान बढ्नेछ। देशविदेशको यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। अध्ययनमा सफलता मिल्नेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। व्यवसायबाट सोचेभन्दा बढी लाभ हात लाग्नेछ। ठूला व्यक्तिको विश्वास जित्न सकिनेछ।

### कर्कट

साताको आरम्भ खर्चिलो रहला। मनमा दुविधाले डेरा जमाउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शत्रुले पनि सताउनेछन्। आइतबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान पनि प्राप्त होला। भेटघाटमा रमाउन पाइनेछ।

### कन्या

साता राम्रो छ। काममा सफलता मिल्नेछ। व्यवसायमा सफलता पाउनुहोला। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। धन आर्जन हुनसक्छ। अरूबाट प्रशंसा पाउनुहोला। पहिलो भेटमै प्रभावित भै सहयोग गर्नेहरू फेला पर्नेछन्।

### वृश्चिक

साताको आरम्भमा स्वास्थ्य गडबड रहन सक्छ। मनमा दुविधाले डेरा जमाउनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। प्रसन्नता बढ्नेछ भने काममा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नुका साथै व्यवसायमा लाभ मिल्नेछ। अध्ययनमा सुधार आउला।

### मकर

शत्रुबाट सजग रहनुपर्ला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। मन चञ्चल हुने हुँदा धैर्य गर्नुपर्नेछ। आर्थिक कारोबारमा सजग रहनुहोला। आइतबार, सोमबार तथा बिहीबार मन प्रसन्न रहने, व्यवसायमा लाभ र रमाइलो यात्रा हुने एवं धन आर्जन गर्ने अवसर जुट्नेछ।

### मीन

समय बलवान् छ। आँटेको काममा सफलता मिल्नेछ भने पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। मित्रहरूको सहयोग जुट्नेछ। अध्ययनमा सोचेजस्तै सफलता मिल्नेछ। धन आर्जन हुनसक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। महत्त्वपूर्ण कामका लागि समय राम्रो छ।

# खटपटले लियो नयाँ मोड

पृष्ठ १ बाट जारी

तथा छोरीहरू पूर्णिका र कीर्तिका सिंगापुरको क्यानेडियन स्कुलमा भर्ना भएको खबर पनि सञ्चारमाध्यममा छायो। छोराछोरीको छुट्टी हुँदा यो परिवार सिंगापुरका पर्यटकीय स्थलमा घुमेको दृश्य पनि देखियो, तर एउटा जोडीका लागि खुसी दिने यी खबर बासी हुन नपाउँदै सिंगापुरमा पारस तथा हिमानीबीच ठूलो झगडा भएको हल्ला चल्यो। त्यसलगत्तै हिमानी आफ्ना तीन छोराछोरी च्यापेर नेपाल फर्किइन्। उक्त घटनापछि पारस तीन पटक नेपाल आइसकेका छन्, तर श्रीमती तथा छोराछोरी फर्काउने उनको प्रयास सफल हुन नसकेको स्रोतले बताएको छ।

'रक्सी, द्रुतगतिको ड्राइभिङ तथा विदेशी युवती पारसका कमजोरी हुन्।' सिंगापुरमा पारस र हिमानीबीच भएको भनिएको कलहको कारण बताउँदै स्रोतले भन्यो, 'सिंगापुर जानुअघि नै हिमानीबाट यी कुराबाट टाढा रहन सुझाव दिइएको थियो तर पालन भएन।' सिंगापुरमा धेरै साथीबीच घेरिएका पारसलाई एक्लाउन हिमानीले गरेको प्रयास नै अन्ततः झगडामा परिणत भएको अनुमान गरिएको छ। 'हिमानीको चाहना सामान्य घर-गृहस्थीमा सीमित हुने थियो। त्यो छोराछोरीको भविष्यका लागि थियो।' स्रोतले भन्यो, 'तर पूर्व युवराजको ठूलो परिधिको संगतका कारण त्यो सम्भव भएन।'

सुरु-सुरुमा साना-तिना कुरामा झगडा भए पनि हिमानी फर्कनुको मुख्य कारण उक्त कलह हात हालाहालको अवस्थामा पुग्नु नै भएको बताइन्छ। सिंगापुरमा बस्नै नसक्ने अवस्था सिर्जना भएपछि हिमानी छोरा-छोरीको भविष्य दाउमा राखेर नेपाल फर्किएको स्रोतको ठम्याइ छ। सिंगापुरबाट फर्किएपछि हिमानीका आफन्तहरूबाटै पारपाचुके हुन सक्ने अनुमान





सार्वजनिक हुन थालेको हो।

आखिर अचानक हुन लागेको भनिएको पारपाचुकेको प्रक्रिया किन अवरुद्ध भयो त ? पहिलेदेखि नै राजपरिवारका विषयमा समाचार सम्प्रेषण गरिरहने जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठ भन्छन्, 'पारस र हिमानीबीचको औपचारिक सम्बन्ध लगभग अन्त्य नै भएको देखिन्छ। यद्यपि यो सम्बन्ध कायम नरहँदा भन्दा रहँदा नै दुवै परिवारलाई फाइदा छ। त्यही भएर सबै मिलेर विखण्डन हुन लागेको यो परिवारलाई जोगाइएको हुनसक्छ।' श्रेष्ठका कुरा पछिल्ला समयमा भएका क्रियाकलापबाट पनि पुष्टि हुन्छ। स्रोतका अनुसार अहिले हिमानीलाई धीरेन्द्रका छोरीहरूले छाड्न मानेका छैनन्। छोराछोरीको छुट्टीमा एक महिनाअघि पेरिस घुम्न जाँदा शीताष्मा तथा दिलासा हिमानीसँगै थिए। ज्ञानेन्द्रकी छोरी प्रेरणाले पनि भाउजूलाई जस्तोसुकै अवस्था आए पनि सम्बन्ध नतोड्न आग्रह गरिरहेको बताइन्छ।

स्रोतका अनुसार पारस र हिमानीबीच कानुनी नाता कायमै रहे पनि अन्य सम्बन्ध भने पहिलेजस्तो छैन। पूर्वराजा ज्ञानेन्द्र समेतले दुवै जना भिन्न बस्न स्वतन्त्र रहेको 'सल्लाह' दिएका छन्। आफ्नो बुबाकै कारण राजतन्त्र अन्त्य भएको धारणा पारसको छ। त्यसैले ज्ञानेन्द्रले आफ्नो सल्लाह छोराले नमान्ने पक्का भएपछि ज्ञानेन्द्रले हिमानीलाई स्वतन्त्र बस्ने अनुमति दिएका हुन्। कारण हिमानी तत्कालका लागि निर्मल निवासमा बस्नेछिन् भने पारस सिंगापुरमै बस्नेछन्। सरकारले नागार्जुन दरबार खाली गर्ने निर्णय गरेपछि पूर्वराजा ज्ञानेन्द्र पनि केही महिनाका लागि निर्मल निवासमै बस्ने कार्यक्रम छ। पारिवारिक सल्लाहमा लिइएको निर्णयअनुसार बाहिर दुवै बीच झगडा भएको वा नराम्रो भएको छाप पर्न नदिने किसिमका क्रियाकलाप गरिनेछ, जसका लागि छोराछोरीको जन्मदिन वा विशेष समारोहमा सकेसम्म शाह दम्पती सँगै उपस्थित हुनेछन्। छोराछोरी नहुर्कुन्जेल तथा नेपालको राजनैतिक परिस्थिति अनुकूल नभएसम्म दुवैले कुनै ठूलो रडाको नमच्चाउने सहमति पनि बनेको बताइन्छ। छोराछोरीको अध्ययनको व्यवस्था भने कूटनैतिक नियोगका छोराछोरी पढ्ने लिंकन स्कुलमा गरिएको छ। स्रोतका अनुसार हिमानी राजस्थानको सिकर राजघरानाकी छोरी हुन्। पारस र हिमानीबीच सम्बन्ध टुटे त्यसको असर नेपालमा मात्र हैइन, भारतसम्म पर्ने भएकाले पनि दुवै पक्षका आफन्तजनले पारपाचुके हुन नदिने प्रयास गरेका हुन्।

**पुरानो कथा**

पारस र हिमानीबीच हुने यस्ता खटपट नौला होइनन्। २०६१ साल असोज १५ मा बानेश्वरस्थित एभरेस्ट होटलभित्रको ग्यालेक्सी डिस्कोमा तत्कालीन युवराज पारस एउटी युवतीसँग नृत्य गरिरहेका बेला युवराज्ञी हिमानीले हस्तक्षेप गरेपछि यी दम्पतीबीचको खटपट सार्वजनिक भएको हो। त्यसबखत पारसले हिमानीको उपस्थितिमा डिस्कोभित्रै अन्धाधुन्ध चार राउन्ड गोली फायर गरेका थिए। स्रोतका अनुसार त्यसबेला पारसको बाह्य सम्बन्ध चलिरहेको खबर पाउन थालेपछि हिमानीबाट यसलाई रोक्ने प्रयास भएको थियो। गोलीकाण्डपछि दुवैबीच केही महिनासम्म बोलचालसमेत बन्द भएको थियो। स्रोतका अनुसार युवराज रहेका बखत उनीहरूबीच बेलाबेलामा खटपट हुन्थ्यो। यस्तो बेला पारस सोल्टी होटेलको सार्क रिगल सुइटमा रात बिताउन पुग्थे। पर्यटकले यो सुइटको दैनिक ८ सय डलर शुल्क तिर्नुपर्छ। राजसंस्था कायम भएका बेला नागार्जुन दरबारमा पनि यो जोडीको बास हुन्थ्यो। नागार्जुनमा बास भएको बेला झगडा भए दुईमध्ये एक निर्मल निवास झर्थे। परिवारले नै दुवैलाई अलग बस्न दिने निर्णय गरेपछि यो जोडीले अब पुरानो अवस्था भोग्नु नपर्ने स्रोत बताउँछ।



# लिटिल क्विन एन्ड मास्टर किङ

दिलप्रीत सिंह मञ्चको मध्यभागमा उभिएपछि बिस्तारै पृष्ठभूमिमा म्युजिक ट्र्याक बज्न थाल्यो अनि उनले अपत्यारिलो ढंगबाट हिन्दी चलचित्र 'कभी अलविदा ना कहना' को शीर्षक गीत सुनाएर उपस्थित सबैको स्याबासी पाए। भनिन्छ, व्यक्तिलाई सधैं भाग्यले सबै कुरामा साथ दिँदैन। त्यो दिन दिलप्रितलाई पनि सम्भवतः भाग्यले साथ दिएन र उनी प्रतियोगिताको अन्तिम चरणमा पुग्नबाट वञ्चित भए, तथापि उनको प्रतिभा भने पुरस्कृत भयो। उनले मास्टर ट्यालेन्टको एवार्ड जिते। मिस ट्यालेन्ट श्वेतालाना गुप्ता घोषित भइन्। उता चितवनमा सम्पन्न प्रतिस्पर्धामा मास्टर किङ चितवनको उपाधि जितिसकेका प्रतियोगिता नम्बर १ सुनिल बुर्लाकोटीको रोजाइअनुसार भ्यूअर च्वाइस एवार्डसहित सुनिलले मास्टर किङको उपाधि पनि जिते।

केही आकर्षक नृत्य, द ऱ्याम्प मोडलिङ एजेन्सीका नवप्रवेशी मोडलहरूको फेसन सो र सहभागी ३१ जना बालिका तथा १५ जना बालकबीचको प्रतिस्पर्धासँगै गत शुक्रबार राष्ट्रिय नाचघरमा लिटिल क्विन एन्ड मास्टर किङ नेपाल प्रतिस्पर्धा सम्पन्न भयो। द एरो मोडलिङ एजेन्सीको आयोजना र सपन जे शर्माको व्यवस्थापन रहेको उक्त प्रतियोगितामा सिद्धान्त घिमिरेले कोरियोग्राफी गरेका थिए। डिजाइनर कृपा महर्जनले तयार पारेका पहिरनमा सजिएर क्याटवाक गर्दै आफ्नो प्रस्तुति दिएका प्रतिस्पर्धीहरूमध्येबाट विभिन्न चरणपछि अन्ततः निशिला शाक्यले लिटिल क्विन नेपालको मुकुट पहिरिन्। फस्ट रनर अपतर्फ भने भ्यूअरच्वाइस एवार्डसहित दीक्षा थापा विजेता भइन्। यो विधामा विराज खड्का बालकतर्फ विजय भए।

सेकेन्ड रनर अपमा भने दीप्ति योजना राई र प्रज्ज्वल मैनाली उत्कृष्ट भए। पत्रपत्रिकाबाट तयार पारिएको दौरा-सुरुवालमा देखा परेका शेखर अधिकारी तथा परम्परागत नेपाली दुलहीको पहिरनमा प्रस्तुत भएकी अनिशा लुइँटेल बेस्ट ड्रेस एवार्डका विजेता बने। कार्यक्रममा पायल महर्जन बेस्ट हेयर, ममता लुइँटेल बेस्ट स्माइल, डोमा छिरिङ शेर्पा मोस्ट फ्रेन्डली तथा रूसा श्रेष्ठ मस्ट युनिकका रूपमा छानिए। यसैगरी रुचि श्रेष्ठ र आनन्द पन्त क्याटवाक, सुषमा शाक्य र राजीव ढकाल फोटोजेनिक, श्रेया प्रधान र रवीन्द्र पन्त मस्ट क्युट तथा आशना श्रेष्ठ र सनम खड्गी डिसिप्लिनतर्फको विजेता घोषित भए।

छैन अधुरो
वर्षौंको सफल अनुभवी Specialist संगको परामर्श र १००% प्रमाणित आयुर्वेदिक औषधि सहित ग्यारेण्टी उपचार
★ लिङ्ग विकास, शिघ्रपतन र यौन उत्तेजनाका लागि
★ ३ ईन्च उचाई बढाउने Height-Plus
★ Breast बढाउने/घटाउने र टाईट गराउने
★ मोटोपना घटाउने/तौल बढाउने (१२ Kg. सम्म)
★ १००% रक्सी छुटाउने- Anti Alcohol
★ ३ महिनामा ७५% भन्दा बढी स्मरण शक्ति बढाउने
MemoryPlus
विद्यार्थी र व्यापारीहरूका लागि अपरिहार्य।
0% Side Effect, 100% Satisfaction
4282138, 2358209, 4672065, 9841079654

पालो तपाईको ............!
के तपाई SLC पास भएर पढाई छोडी निरास हुनु भएको छ ?
अब पीर नमान्नुहोस
Private I.A. I.Com सजिलै पास गरौं
साथै: Private Test/SLC 2066, १ वर्षे +2, Science, Math नदिई SLC मा पनि नयाँ भर्ना खुल्यो।
SANDRA OPEN SCHOOL
Sorakhutte 4361712, 2160393
नयाँ बानेश्वर 9841035814

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान जाँड रक्सी छुटाउने - 1500/-
Body Slim Cream मा Sauna Belt फ्रि -3000/-
कपाल नझर्ने वा उमार्ने तेल - 750/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, नयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

अर्जेन्ट आवश्यकता
नेपाल सरकारबाट विगत ५ वर्षदेखि NGO संग आबद्ध संस्थालाई कर्मचारीहरुको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यबस्था।
तलब- ९०००+गाडीभाडा
संख्या: १७ जना मात्र
योग्यता: साधरण लेखपढ, Test, SLC +2 + above
सम्पर्क: २०७२५४५, ९८४१४९३०२६, ९८४९१५२०९२, चाबहिलचोक
नोट: गृहणी, विद्यार्थीलाई उपयुक्त र प्राहयता दिइनेछ। शनिबार पनि अफिस खुल्ला रहनेछ।

होटल तालिम विशेष छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
UK, Australia, Canada, Europe देशमा Student Visa मा जानेलाई Job Replacement Airport pick up, Part time & Full time job को लागि SPECIAL CLASS चैरहेछ। तु सम्पर्क गर्नुहोस्
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionist, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ सेन्टर
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Management and Tourism Nepal)
नयाँ बानेश्वर, शिवदर्शन को अगाडि, ओखलढुंगा मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीशन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पछाडि
4464720, 9841-891131, 98510-93629

• सम्पादकीय •

# विषाक्त मदिराको कहर

मदिरासँग सम्बन्धित अन्य कतिपय नकारात्मक समाचारलाई ओझेलमा पार्दै अहिले मदिरा सेवनका कारण ज्यान गुमाउनेहरूको समाचार सञ्चारमाध्यममा दिनहुँजसो आउन थालेको छ। मदिरा सेवनकै कारण कहिले आँखाको ज्योति गुमेका, कहिले हातगोडा नचलेका समाचारहरू पनि प्रकाशित भैरहेका छन्। यी सबै विषाक्त मदिराको प्रभाव हो भन्ने कुरामा कसैको विमति छैन। नेपाली समाजमा मदिराको उत्पादन तथा व्यापारले गहिरो जडा गाडेको छ। कतिपय जनजातिको सामाजिक व्यवहार एवं संस्कृतिसँग समेत गाँसिएको मदिराको उत्पादन तथा वितरणलाई नेपालका कुनै पनि सरकारले व्यवस्थित गर्न सकेका छैनन्। अव्यवस्थित र अवैज्ञानिक तबरबाट उत्पादन एवं वितरण हुँदै आएको मदिरा तथा मदिराजन्य पदार्थले अहिले विषाक्त पदार्थका रूपमा परिणात भएको छ। यसको अर्थ अहिले गाउँघर, बजार सबैतिर नक्कली मदिराको बिगबिगी छ। मदिराको उत्पादन तथा प्रयोगका दृष्टिकोणले नेपाल संसारमै सबैभन्दा बढी मदिरा खपत गरिने मुलुकमध्ये एक मानिन्छ तर मदिराको बिक्री–वितरणलाई व्यवस्थित तथा नियन्त्रण गर्न अहिलेसम्म भएका सबैजसो प्रयास असफल प्रमाणित भएका छन्। सरकारको उदासीनता र मदिरा व्यापारीहरूको चलखेलका कारण नेपालमा कहिल्यै पनि मदिरा व्यापार कानुनको दायरामा अटाउन नसकेको तीतो अनुभव हामीसँग छ। सम्भवतः यही कारणले अहिले बजारमा नक्कली तथा विषाक्त मदिराको निर्वाध आपूर्ति भैरहेको हो।

विषाक्त मदिराको प्रयोगका कारण केही मानिसले ज्यान गुमाउनुपरेपछि सरकारले यस विषयमा कुनै ठोस निर्णय गर्नुपर्ने हो तर विषाक्त मदिराको कहर बढ्दै गएको अहिलेको अवस्थामा पनि सम्बन्धित निकायको मौनताले सरकारको कमजोरीलाई नै उजागर गरेको छ। केही समयअघि सरकारले मदिरा उत्पादन तथा व्यापारलाई नियन्त्रित गर्न निश्चित समयमा, तोकिएको ठाउँमा र उमेर पुगेका मानिसले मात्र खरिद–बिक्री गर्न सक्ने व्यवस्था लागू गर्ने दाबी गरेको थियो। सरकारको त्यस्तो दाबीलाई सरकारकै बिहान १० बजेदेखि राति १० बजेसम्म मदिरा बिक्री गर्न पाइने नयाँ नीतिले खोक्रो प्रमाणित गरिदियो। नेपालको मदिरा व्यवसायमा आपराधिक तत्त्वले मलजल पाएकै कारण मदिरा उपभोक्ताहरू विषाक्त मदिराको कहर भोग्न बाध्य भएको कुरा कसैबाट लुकेको छैन। अहिलेको प्रश्न के हो भने विषाक्त मदिराको निर्वाध बिक्री–वितरणको दोष कसलाई दिने ? स्थानीय प्रशासन, गृह मन्त्रालय, अन्तःशुल्क विभाग वा सिंगो सरकारलाई ? यो प्रश्नको समाधानसँगै विषाक्त मदिराका संगठित अपराधीहरू कानुनको घेरामा आउनेछन्।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

• चिठीपत्र •

## निराश जनता

आमनेपाली जनता अहिले माओवादी नेतृत्वको व्यवहार देखेर निराश छन्। प्रधानमन्त्रीलगायत अन्य जिम्मेवार व्यक्तिबाट शान्तिपूर्ण राजनीतिबाट नभै हिंसामा लागेर मात्र गन्तव्यमा पुग्न सकिने रहेछ भन्नेजस्तो गैर जिम्मेवार अभिव्यक्ति दिएर घुक्र्याएको पाइन्छ भने मुलुकभर सरकारको नेतृत्व गर्ने दलका कार्यकर्ताहरू अझै पनि हतियारको राजनीतिमा आश्वस्त देखिन्छन्। अर्कातिर अराजकता, दिन-प्रतिदिनको गुन्डागर्दी, न्यूनतम आयभन्दा कैयौं गुणा महँगी तथा बजारमा वस्तुको अभावले नेपाली जनता आक्रान्त छन्। भ्रष्टाचारको अन्त्य हुन त परै जाओस्, सबै जिम्मेवार नेता मौकामा चौका हान्न तथा राजनैतिक भर्तीकेन्द्र बनाउन नै व्यस्त देखिन्छन्। जनताको कोलाहलपूर्ण रोदन र निराशाप्रति कसैको ध्यान जान सकेको छैन।



एउटा सशस्त्र क्रान्तिको अन्त्य गरी दीर्घ शान्ति तथा समृद्धिका निम्ति आमनेपाली जनताले दोस्रो जनआन्दोलनमा भाग लिएका थिए, तर नेपाली जनताको दुर्भाग्य अहिले आएर दर्जनौं सशस्त्र समूहले देशका विभिन्न भागमा आतंक मच्चाइरहेका छन्। जनताका पक्षमा कसैले आवाज उठाएका छैनन्। सबै आ-आफ्ना दुनो सोझ्याउन व्यस्त छन्। विगतका दिनमा पनि दलका नेताहरूको नेतृत्वशैली, सत्तालिप्सा, दलीय मनमुटाव, सत्ताको भागभण्डा आदि कारणले प्रजातन्त्रको घाँटी निमोठिएको थियो जुन चरित्र अहिले कायमै छ। जनताले पटक-पटक क्रान्तिमा होमिएर प्रजातन्त्रको जन्म त गराइदिएका छन् जब त्यसलाई हुर्काउने-बढाउने जिम्मेवारी दलहरूको काँधमा आउँछ पुनः यिनीहरूकै असक्षमता तथा अदूरदर्शिताका कारण प्रजातन्त्रको चिरहरण हुँदै आएको छ।

हाम्रो दुर्भाग्य नेपाल एउटा यस्तो मुलुक हो, जहाँ न्यायको कुनै स्थान छैन। यहाँ विचार, तर्कले कुनै अर्थ राख्दैन। अन्याय, अत्याचार, शोषण, दमन, हत्या, आतंक, विभेदले नेपाली समाजको विकासक्रमदेखि नै जरा गाडेको छ। यहाँ मानवीय मूल्य, मान्यता र संस्कारको कुनै अर्थ छैन। केवल व्यक्तिगत तथा वर्गीय स्वार्थले ठाउँ ओगट्दै आएको छ, जसको परिणाम सदियौंदेखि लादिएको परम्परा, त्यसैका आधारमा हुर्किएको जडतावादी सोच आदि हुन्।

जनता सधैं परिवर्तनको बाटोमा हिंडिरहेको हुन्छ। समतामूलक समाजको मान्यतामा अघि बढिरहेको हुन्छ तर त्यही जनतालाई विभिन्न बहाना गरेर उसको बाटोबाट विचलित गराइन्छ। उसलाई तर्साइन्छ, धम्क्याइन्छ र पुरातन बाटोमा हिंड्न बाध्य तुल्याइन्छ, तसर्थ समाज उन्नतितर्फ नगै अवनतिको बाटोमा अघि बढिरहेको छ।

**–वासुदेव देवकोटा, गोरखा**

## सडकबिनाका सवारी

नेपालीहरू भत्किएका, बिग्रिएका सडकमा हिंडडुल गर्न बाध्य छन्। यहाँका सडकको अवस्था धानखेतजस्तो छ। जाडोयाममा सडक धूलो र धूवाँले भरिएको हुन्छ। कार-पजेरोमा यात्रा गर्नेहरू समेतले पनि सवारी यात्रा गर्दा खाएर बाँकी रहेका अनावश्यक बस्तु झ्यालबाट फ्याँक्छन्। यसरी सडक खुला डम्पिङ साइट बनिरहेको छ।

ग्यारेजमा सुरक्षित राख्नुपर्ने गाडीहरूसमेत सार्वजनिक सडकमा रातभर त्यत्तिकै पार्किङ गरिएको हुन्छ। गाडी धुन र मर्मत गर्न पनि सडक नै प्रयोग गरिने भएकाले आवतजावतमा समस्या आउने गरेको छ। गाडीमा यात्रा गर्नेहरूबाट बटुवाहरूलाई हुने दुःखकष्टका बारेमा ट्राफिक प्रहरीको ध्यान गएको देखिँदैन।

अव्यवस्थित सहरीकरणका कारण धेरैजसो सवारीधनीको घरसम्म गाडी पुग्ने बाटो छैन। आफ्नो आँगनमा गाडी ल्याउन नसक्ने अवस्था हुँदाहुँदै पनि नचाहिँदो रवाफ देखाएर कसलाई फाइदा हुन्छ ? कसैले पनि आफू बस्ने ठाउँको बाटो फराकिलो पारेर, घरमै गाडी पार्किङ गर्ने व्यवस्था मिलाएको पाइँदैन।

खराब बाटोमा दुर्घटना सहन सक्नेहरूले, बाटोलाई स्वच्छ र गाडी गुडाउन योग्य बनाउन पहल गर्नुपर्ने हो। सरकारको मुख मात्र ताकेर बस्ने हो भने व्यवस्थित बाटोमा गाडी गुडाउने तिनीहरूको सपना पूरा हुन सक्ने छाँट छैन। सबै सवारी धनी आ-आफ्नो क्षेत्रका बाटो निर्माण गर्न जागरूक भए भने, यहाँको बाटो कहिल्यै खराब हुने थिएन। अरूले बनाएको सडकको कसलाई पो माया होला र ?

बाटो नै नभएको ठाउँमा गाडी हुइँकाएर केही हुनेवाला छैन। गाडी कालोपत्रे बाटोमा गुडाउने वस्तु पो हो। धूलो उड्ने र खाल्डाखुल्डी भएको ढल बग्ने बाटोमा गाडी गुडाउनु हुँदैन। गाडी गुडाउन चाहनेहरूले पहिले आफ्नो ठाउँका बाटोहरू जीवनभरका लागि मजबुत हुने गरी बनाउनुपर्छ। अहिलेका मानिसहरू गाडीमा गुडेको त धमिलो पानीमा हिले माछा हिँडेजस्तो मात्र देखिन्छ। आशा गरौं, अबका दिनमा यिनीहरू सफा पानीमा असला माछा पौडिएजस्तै देखिनेछन्।

**–रविन, भक्तपुर**

• तीतो सत्य •

कसैको गुणको प्रशंसा गरेर समय नफाल उसको गुणलाई अपनाउने प्रयास गर।

बिना विवेकको जीवन बिना ब्रेकको गाडी जस्तै हो।

**सम्पूर्ण प्रजापति, ठिमी**

काँडा जति तिखो भए पनि त्यसले आफ्नो बोटलाई कहिल्यै घोच्दैन।

गोलीको युद्धभन्दा विचारको युद्ध परिवर्तनकारी र दिगो हुन्छ।

बोलेर विचार गर्नुभन्दा विचार गरेर बोल्नु राम्रो हो।

रिस र घमण्ड सबैभन्दा महँगो हुन्छ।

बोली, गोली र प्राण फर्केर आउँदैनन्।

**टीकाराम अर्याल, गल्कोट,**

धर्मको अन्तिम सार माया, प्रेम र नैतिकता हो।

धर्मात्माहरू कहिल्यै पनि प्रेम विरोधी बन्न सक्दैनन्।

जति निराश भए पनि हृदयमा जीवनप्रति आशा जगाउनुपर्छ, त्यही नै जीवन संघर्ष हो।

**एस. पाख्रिन**

काम नभएको मानिस र बिग्रिएको घडी महत्त्वहीन हुन्छन्।

**शालिग्राम पत्थर, धादिङ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

• सहर चर्चा •



## 'असक्त' हरूकी नेतृ

'बहिरा र सुस्तश्रवण भएकाहरूलाई माया होइन अवसर देऊ' भन्ने नारा लिएर दुई वर्षदेखि बहिरा तथा सुस्तश्रवणको हितमा काम गरी चेतना फैलाउन सक्रिय छिन् २३ वर्षीया यमुना गुरागाईं। मोरङ, वयरबनकी यी युवती आफैं पनि सुस्तश्रवणकी हुन्। आफूजस्तै अरूलाई माया होइन अवसर प्रदान गरौं भन्दै उनी विभिन्न स्थानमा अभियानरत छिन्। नेपाल राष्ट्रिय बहिरा तथा सुस्तश्रवण महासंघको धादिङमा भएको महाधिवेशनमा कार्यसमिति सदस्य निर्वाचित गुरागाईं कोसी बहिरा संघकी कोषाध्यक्षसमेत हुन्।

२०६३ देखि गुरागाईं उत्तरी मोरङको आधा दर्जनभन्दा बढी गाउँ विकास समितिका श्रवणशक्ति नभएका, सुस्तमनस्थिति भएका अपांग युवायुवतीहरूलाई सांकेतिक भाषाको प्रशिक्षण दिइरहेकी छिन्।

जन्मिएको चार वर्षको उमेरमा टाइफाइडका कारण श्रवणशक्ति गुमाएकी गुरागाईं बिस्तारै अलिअलि बोल्न सक्छिन्। उनलाई देख्दा कुनै पनि प्रकारको अपांग होलिन् भन्ने कसैलाई लाग्दैन। महिलाको सौन्दर्य कला, सिलाइ-बुनाइजस्ता कलामा समेत पोख्त यमुनालाई असहायहरूकी नेतृ भनिए पनि उनी आफूलाई असक्त भन्न रुचाउँदिनन्। भन्छिन्- संविधानमा हाम्रो हकहितलाई सुरक्षित पार्न अनि हक दिलाउनका लागि बाध्यात्मक कानुन बन्नुपर्छ, देशभर हामी चार लाखको हाराहारीमा छौं, राज्यले हाम्रो मागलाई सम्बोधन गर्नैपर्छ।'

## मिक्की पुन



• साइबर गर्ल •

सिंगापुरमै जन्मेर उतै हुर्किएकी मिक्की पुन एक वर्षअघि सिंगापुर छाडेर स्वदेश फर्किएकी हुन्। आफ्नै देशमा अध्ययन गरेर केही गर्ने उद्देश्य बोकी उनी कर्मथलो पोखरा आएकी फूलबारी, पोखराकी २० वर्षीया मिक्कीले पोखरा आएपछि मोडलिङको क्षेत्रमा हाम फालिन्। उनले पहिलो पटक ठिकठाक ठटकमका लागि फोटोसेसन गरिन्। लाहुरे बाबुकी छोरी मिक्कीको अधिकांश समय विदेशमै बितेकाले उनलाई नेपाली भाषामा राम्रोसँग कुरा गर्न आउँदैन। 'उताको प्रभावले केही मुस्किल आएको छ,' अंग्रेजी लवजमा मिक्कीले भनिन्- 'एक वर्षको अवधिमा केही सुधार भने भएको छ ।'□ आइटी बिजनेससम्बन्धी अध्ययन पूरा गरी नेपाल आएकी मिक्की अहिले ए लेभलको अध्ययनमा जुटेकी छिन्। मोडलिङमा उनलाई र्‍याम्प क्याटवाक मनपर्छ। आकर्षक शारीरिक बनौटकी मिक्की थोरै लजालु स्वभावकी छिन्। कालो केश अनि गोरी मिक्कीलाई राम्री छु भन्ने घमन्ड अलिकति पनि छैन।

उनी मोडिलिङलाई अवसरका रूपमा लिन्छिन् र यसलाई सही रूपमा सदुपयोग गर्नुपर्छ भन्ने मान्यता राख्छिन्। ५ फिट २ इन्च अग्ली मिक्कीमा पर्याप्त आत्मविश्वास छ। खुला विचारकी मिक्की संकुचित धारणा मनमा पालियो भने कहिल्यै अघि बढ्न नसकिने बताउँछिन्। भविष्यमा सफल मोडल भन्ने लक्ष्य लिएकी मिक्की भन्दै थिइन्- 'भर्खर यो क्षेत्रमा पाइला हालेकी छु, सबैको सहयोगले अघि बढ्नेछु।'

• मुखाले •

सरकार ढाल्ने इच्छा होला, तर ढालिहाल्ने साहस कसैसँग छैन।

**–पुष्पकमल दाहाल, प्रधानमन्त्री**

प्रधानमन्त्रीसँग काम गर्ने ढंग छैन।

**–माधवकुमार नेपाल**

शक्ति सन्तुलनका लागि पनि प्रजातान्त्रिक मोर्चा अपरिहार्य छ।

**–सूर्यबहादुर थापा**

हामी अहिले केन्द्रीय सत्ता कब्जा गर्ने बाटोमा अघि बढ्दैछौं।

**–डा. बाबुराम भट्टराई, अर्थमन्त्री**

हाम्रा विरोध गर्नेको ढाड भाँचिदिएका छौं, अस्पतालमा ढाड सोझ्याउँदैछन्।

**–लेखनाथ न्यौपाने**

खुलेरै भन्छु भारत नेपाललाई टुक्र्याउने अभियानमा देखिएको छ।

**–मोहन वैद्य**

महिला भनेका जनावर होइनन्।

**करिना बेगम, सभासद**

पुरुषका त आँखै बोल्छन् नि।

**–शर्मिला मल्ल, चलचित्र नायिका**

मिडिया मेरो सपना हो।

**निशा अधिकारी, चलचित्र नायिका**

नेपाली चलचित्रमा अझै राजतन्त्र छ।

**–सुरेशदर्पण पोखरेल, चलचित्र निर्देशक**

हामीलाई विपरीत लिङ्गीप्रति आकर्षित हुने केटा चाहिन्छ।

**–भूमिका, तेस्रो लि□**

# मलाई साप्ताहिकको मध्यपृष्ठमा आउने इच्छा छ



अन्तरिम संविधानले २५ वर्ष पुगेका नेपाली मात्र संविधानसभा सदस्य हुन सक्ने नियम बनाएको छ । उक्त नियमलाई झन्डै चुनौती दिँदै गायत्री साह संविधानसभा सदस्य बन्न पुगिन् । संविधानसभा निर्वाचन हुँदा नेपाली जनता दलकी सहसचिव गायत्री साह भर्खरै २५ वर्ष लागेकी थिइन् । राजनीतिशास्त्रमा स्नातक सकेकी यी युवतीले संविधानसभामा पुगेर के गर्न सक्लिन् भन्ने आशंका सबैमा थियो । यद्यपि उनी छोटो समयमै आफ्ना सहकर्मीहरूलाई प्रभावमा पारेर करिब आधा दर्जन समितिमा छिन् । अहिले गायत्री साह संविधान निर्माणको सबैभन्दा महत्त्वपूर्ण समिति संवैधानिक समितिको सदस्य छिन् । साह व्यवस्थापिका संसदअन्तर्गत सार्वजनिक लेखासमिति, सार्वजनिक सुनुवाइ समिति, विधायक समिति तथा युवा मन्त्रालयले बनाउन लागेको युवा नीति मस्यौदा समितिको सदस्यका रूपमा कार्य गरिरहेकी छिन् ।

**उमेरका हिसाबले तपाईंको पद बोकाको मुखमा कुभिन्डो भएन र ?**

म केमा कम छु र तपाईंले कम आँक्नुभएको ? म युवा छु, स्वस्थ छु त्यसैले जति समय पनि खट्न सक्छु । मधेसी युवती हुँ, त्यसैले महिला र मधेसका समस्या बुझ्न सक्छु । म काठमाडौंमा बसेर स्नातक गरेकी युवती हुँ । त्यसैले नेपालका आधुनिक युवाको भावना बुझ्न सक्छु । उमेर मात्र हेरेर अरूलाई कम आँक्नु राम्रो होइन ।

**कलेज पढ्ने उमेरमा संविधान निर्माणजस्तो गम्भीर विषयमा काम गर्न मन लाग्ला र ?**

देख्नुभएको छैन ? आफ्नो भागमा परेको काम ध्यान दिएर गरिरहेकै छु । मानिसलाई जुन विषयमा चासो छ, ऊ त्यही काम गर्न रुचाउँछ । मलाई सानैदेखि ठूलो नेता बन्ने इच्छा थियो । जनतामा लोकप्रिय नभै, उनीहरूका समस्या नबुझी नेता भइँदैन भन्ने पनि थाहा थियो । यसका लागि म पहिलेदेखि नै देश र जनताका बारेमा चिन्तित थिएँ । यही कारणले नै मेरो चासो अरू विषयमा भन्दा राजनीतितिर्फ उन्मुख भयो ।

**मानिसहरू त बुवा अध्यक्ष भएको फाइदा छोरीले उठाई भन्छन् नि ?**

मेरो बुबा हरिचरण साह नेपाली जनता दलको अध्यक्ष हुनुहुन्छ भन्दैमा उहाँको एकलौटी निर्णय चल्छ भन्ने छैन । किनभने हाम्रो दलमा ४१ जना केन्द्रीय सदस्य छन् । उनीहरूको संयुक्त निर्णयले मलाई सभासद बनाएको हो । पार्टीलाई हाँक्न सक्ने, बोल्ड विचार भएको, मधेसी र पहाडी जनताको भावना बुझ्न सक्ने देखेरै पार्टीले मलाई संसद्मा पठाएको हो । म आन्तरिक प्रतिस्पर्धाबाट छानिएर आएकी हुँ ।

**भनेपछि भोलि पार्टीको अध्यक्ष पनि तपाईं नै हुने ?**

पार्टी अध्यक्ष मात्र होइन, देशको प्रधानमन्त्री नै हुने लक्ष्य अनि क्षमता पनि छ ।

**नेपालका दलहरूले महिलालाई पार्टी अध्यक्ष बनाउलान् र ?**

नेपालमा हाम्रो मात्र दल यस्तो दल हो जसले २०५१ सालमा पार्टी स्थापना हुँदा रामदुलारी देवी साहलाई पार्टी अध्यक्ष बनाएको थियो । यदि मैले क्षमता देखाउन सकें भने, दललाई नेपाली जनतामा लोकप्रिय बनाउन सकें भने पार्टीले मलाई अध्यक्ष बनाउन सक्छ । यसरी अघि बढें प्रधानमन्त्री हुन सकिन्छ भन्ने मेरो विश्वास छ ।

**यो उमेरमै यति ठूलो महत्त्वाकांक्षा राख्नु अति भएन ?**

जीवनमा सफलता पाउन ठूलो लक्ष्य राख्नैपर्छ । यद्यपि अति महत्त्वकांक्षी हुनुहुँदैन, तर नौ वर्षको राजनीति र छ महिना सभासद भैसकेपछि सानो दलको अध्यक्ष वा सभासदले केही गर्न नसक्ने रहेछ भन्ने कुरा मैले थाहा पाइसकें ।

**भनेपछि अहिले नै निराश हुन थाल्नुभयो ?**

निराश भएकी होइन, तर सफलता प्राप्त गर्न सोचेजति सजिलो रहेनछ । बाहिर बोल्नु र वास्तविक काम गरेर देखाउनुमा फरक रहेछ । नेपालको राजनीति जेरीजस्तै जेलिएको छ । त्यसैले आजभोलि कामप्रति मेरो रुचि बढेको छ । म १८ घण्टाभन्दा बढी खटिरहेकी छु ।

**कुन कुरामा बढी ध्यान दिनुहुन्छ ?**

संविधानसभा तथा व्यवस्थापिका संसद्भित्र मैले जति पनि समितिमा काम गर्ने अवसर पाएकी छु, त्यसमा सकेसम्म उपस्थित हुने र त्यसका बारेमा बुझ्ने कार्य गरिरहेको छु । पार्टीलाई लोकप्रिय बनाउन पनि खटिरहेको छु । विशेषगरी मधेसी र पहाडीबीच जुन खाडल उत्पन्न भएको छ, त्यसलाई कसरी कम गर्न सकिन्छ भनेर काम गरिरहेकी छु । हाम्रो पार्टीको नीति पिछडिएका वर्गको हित गर्ने नीति ल्याउनु हो, त्यसलाई कसरी विशेष मुद्दा बनाएर अघि बढाउन सकिन्छ भनेर चिन्तन गरिरहेकी छु ।

**तपाईंसँग पढेका वा खेलेका साथीहरू यतिखेर कुनै रेस्टुराँमा बसेर रमाइला गफ गरिरहेका होलान् वा आफ्नो प्रेमीसँग घुम्न गएका होलान्, तपाईंचाहिँ गम्भीर मुद्दामा अल्झिनुपरेको छ, दिक्क लाग्दैन ?**

युवा उमेर भनेको एउटा ऊर्जा हो । यो ऊर्जालाई तपाईं कतातिर लगाउनुहुन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यदि कोही प्रेम गरेर, कोही गफ गरेर यस्तो महत्त्वपूर्ण समय बिताउँछन् भने त्यो ऊर्जा खेर गैरहेको छ ।

**भनेपछि प्रेम गर्नु, साथीभाइसँग रमाइलो गर्नु, सिनेमा हेर्न जानु राम्रो कुरा होइन ?**

म आधुनिक विचारधारा भएकी बोल्ड एवं ग्ल्यामरस युवती हुँ । त्यसैले म तपाईंले सोचेजस्तो परम्परागत विचारकी युवती होइन । म पनि सिनेमा हेर्छु, घुम्न जान्छु । मेरो भन्नुको अर्थ के मात्र हो भने युवा उमेरको अधिकांश समय राष्ट्रनिर्माण तथा व्यक्तित्व-विकासमा लगाउनुपर्छ । समय बचेको खण्डमा मात्र मनोरञ्जन गर्नुपर्छ ।

**यति धेरै काम गर्नुहुन्छ, यस्तो बेलामा तपाईंको कामलाई उत्साह दिने, माया गर्ने एक जना युवक होस् भन्ने लाग्दैन ?**

युवक नै किन चाहियो ? आमा-बुवा, पार्टीका केन्द्रीय सदस्यहरू, अन्य कार्यकर्ताहरू तथा जनताले माया गरेकै छन् । त्यतिले पुग्दैन र ?

**पुग्ने भए नेताहरू सबै प्रेमविहीन वा अविवाहित जीवन बिताउनुपर्ने होइन र ?**

जबदेखि म सभासद भए, सबैले मलाई विवाह गर्ने सल्लाह दिँदै आएका छन् । युवा भएका कारण मलाई पनि कुनै युवकले प्रेम गरोस् भन्ने लाग्छ, तर प्रेम गर्ने मौकै मिलेको छैन । तपाईं नै भन्नुहोस् त जीवन सुखी हुन एउटा युवकलाई युवती र युवतीलाई युवक नै आवश्यक पर्छ र ?

**यदि तपाईंले प्रेम गर्नुभएको खण्डमा यसको जवाफ आफैं पाउनुहुन्छ, तपाईंले जीवनमा कुनै युवकसँग प्रेम गर्नुभएन ?**

एसएलसीसम्म म सरकारी विद्यालयमा पढें । त्यहाँ प्रेम गर्ने वातावरण थिएन । मैले गर्ल्स क्याम्पसमा पढें । त्यसैले युवकले गर्ने प्रेमको अनुभूति छैन ।

**पछिल्लो पटक चलचित्र कहिले हेर्नुभयो ?**

दुईसाता अघि 'चाँदनी चोक टु चाइना' हेरें । चलचित्र हेरेपछि नै मैले यसको विरोध गरेकी हुँ । यद्यपि मलाई आमिर खानको गजनी पनि खुब मन पर्‍यो ।

**राजनैतिक प्राणी भएर पनि एउटा म्यागजिनको आवरणका लागि ग्ल्यामरस तस्बिर खिचाउनुभएको रहेछ, किन ?**

मैले भनें नि, म मधेसी भए पनि काठमाडौंमा हुर्किएकी युवती हुँ । यो अब मधेसी महिलाले पर्दा पछि बस्नु हुन्न भन्ने सन्देश पनि हो । म आफूलाई सबै तरिकाले बोल्ड र ग्लामरस रूपमा प्रस्तुत गर्न चाहन्छु । मलाई त साप्ताहिकको मध्यपृष्ठका लागि पनि मोडलिङ गर्ने इच्छा छ ।

–अश्विनी कोइराला

# जलविद्युत् बुझाउन लमजुङ महोत्सव

जलस्रोत र ग्रामीण पर्यटनको सरोकारलाई प्राथमिकता दिएर लमजुङ महोत्सवको आयोजना गरिएको छ । माघ २४ गतेदेखि फागुन ४ गतेसम्म चल्ने महोत्सव लमजुङको बेसीसहरमा हुनेछ ।

महोत्सवको विशेषताका रूपमा जलविद्युत् कार्यशाला गोष्ठी राखिएको महोत्सव आयोजक मूल समितिका अध्यक्ष प्रमोदकुमार श्रेष्ठले जानकारी दिए ।लमजुङमा मर्स्याङ्दी, खुदी, डादी, मादी, चेपे आदि नदीबाट करिब बाह्र सय मेगावाट बिजुली तत्काल उत्पादन गर्न सकिने जलस्रोतविज्ञहरूले बताउँदै आएका छन ।

'उद्योग, व्यापार र पर्यटन प्रवर्द्धन, लमजुङको कला र संस्कृति संरक्षण' भन्ने मूल नाराका साथ यो महोत्सवको आयोजना गर्न लागिएको हो । सार्कराष्ट्रहरूमा नमुना पर्यटकीय गाउँका रूपमा परिचय पाइसकेको घले गाउँसहित दर्जनौं पर्यटकीय स्थल लमजुङमा छन् । यीमध्ये टक्सार, खासुर, पसगाउँ, सिउरुङ, भुजुङ, राइना आदि गाउँ ग्रामीण पर्यटन विकासमा अग्रसर छन् ।

महोत्सवमा मनोञ्जनका लागि गीत प्रतियोगिता, परिकार महोत्सव, विभिन्न जातजातिका संस्कृति प्रदर्शन, कृषिमेला प्रर्दशनी, फोटो प्रदर्शनी, हस्तकला प्रदर्शनी आदि कार्यक्रम समावेश गरिएका छन् । महोत्सवमा १ सय २० वटा स्टलको व्यवस्था गरिएको छ भने १ लाखभन्दा बढी दर्शक महोत्सवमा सहभागी हुने अनुमान गरिएको छ ।

-रविन राचलिका

कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा फोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
सम्पर्क:
PLASTIKOS
प्लास्टिक सर्जरी क्लीनिक
०१६९१०५३२, ९८०३८८३५७७

मुहार
रूपअमृत - Rs.1650/-
Anti Pimple
क्याष्ट्रिक, सुगर, ब्लडप्रेसर, दम समाधान
No Side effect 100% Guaranteed
केश
Before After
Herbal44
आस्था हेल्थ केयर
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

आवश्यकता
कॉटी तथा कुरुषले बुन्न जान्ने २० जना भन्दा बढी हुने व्यक्तिको आवश्यकता
सम्पर्क : रेणु श्रेष्ठ
फोन नं: ४२६२७५१, ४२६००७३
(समय: १०:००-५:००)

www.skybird.com.np
ADMISSION OPEN
FOR AIR HOSTESS TRAINING
Get the true & core counseling just give a call or visit once
The most trusted name in Air Hostess Training
Sky Bird Air Hostess Training Institute
New Baneshwor
Tel 4786500, 9841382886

## जम्का भेट

करिब एक दशकअघि चलचित्र 'चाहन्छु म तिमीलाई नै' मा नायकको भूमिका निर्वाह गर्नुअघि सुरेश मरहठ्ठाले अमेरिकामा छायांकन भएको हिन्दी चलचित्र 'दस' मा अभिनय गरिसकेका थिए। चलचित्र 'पिँजडा' मा पनि नायकको भूमिका निर्वाह गरेका मरहठ्ठाले अभिनय गरेको पछिल्लो चलचित्र 'स्वीकार' केही महिनापछि प्रदर्शन हुँदैछ। नेपालमा सुरेश भनिए पनि अमेरिमा रेश मरहठ्ठाका रुपमा चर्चित सुरेश 'स्वीकार' पछि आकाश अधिकारीको चलचित्र 'काठमाडौं' मा पनि नायककै भूमिकामा प्रस्तुत हुँदैछन्।



**लामो समयपछि नेपाली चलचित्रमा अभिनय गर्नुभएछ नि ?**

हजुर, लामै ग्याप भयो। 'पिँजडा' पछि मैले नेपाली चलचित्रमा काम गर्ने भ्याइनँ। अहिलेचाहिँ चलचित्र 'स्वीकार' मार्फत दर्शकमाझ आउँदैछु।

**'स्वीकार' कस्तो चलचित्र हो ?**

यो विदेशमा बस्ने एउटा नेपालीको कथामा आधारित चलचित्र हो। बाहिर बसेको नेपाली युवक स्वदेश फर्किएपछि के-कस्ता परिस्थिति सिर्जना हुन्छ भन्ने कुरा चलचित्रमा देखाइएको छ।

**कुन कुराले यो चलचित्रमा अभिनय गर्न प्रेरित गर्‍यो ?**

चलचित्रका निर्देशक रवि अर्याल विदेशमै बसोबास गरिरहेको कलाकारको खोजीमा हुनुहुँदो रहेछ, म अमेरिकामा बसोबास गरिरहे पनि नेपाली चलचित्रमा काम गरिसकेकाले उहाँले मलाई प्रस्ताव गर्नुभयो। कथा राम्रो लागेकाले अभिनय गरें।


**चलचित्रमा विदेशी नायिकासँगको अभिनय कस्तो रहयो ?**

विदेशमा पनि प्रदर्शन गर्ने लक्ष्य लिइएको यो चलचित्रमा अमेरिकी कलाकार कालीले नायिकाको भूमिका निर्वाह गरेकी छिन्। कलात्मक शैलीको चलचित्र भएकाले यसमा अभिनय गर्दा रमाइलो मसहुस भएको छ।

**अब नियमित रुपमा चलचित्रमा अभिनय गरिरहने कि अमेरिकातिरै लाग्ने ?**

अमेरिकामा व्यापार र जागिर खाने भएकाले उता गैरहनु मेरो बाध्यता हो। 'स्वीकार', 'काठमाडौं' जस्ता स्तरीय चलचित्रमा अभिनय गर्ने प्रस्ताव आइरहयो भने अभिनय कर्मलाई पनि निरन्तरता दिइरहन्छु।

## तपाईंले अहिलेसम्म कतिपटक चिट चोर्नु भएको छ ?




ला, कस्तो डेन्जर क्वेसन ? चिट त चोरिएको छ, तर फाइनल परीक्षामा होइन। स्कुलमा हुँदा टिचरले टाइम नै नदिई क्लास टेस्ट लिनुहुन्थ्यो, त्यसैले चिटिङ गर्नु बाध्यता बन्थ्यो। अलि ठूलो भएपछि त्यो काम गर्न छोडियो, अझ कलेजमा त मलाई सबैले नायिका भनेर चिन्थे, त्यसैले चिनिएकी मानिसले चिट चोर्ने कुरै भएन ......।

**सञ्चिता लुइँटेल, नायिका**

परीक्षामा ? हल्का चोरिएको छ। म चिट चोर्ने खालकै विद्यार्थी त होइन, तर परीक्षाहलमा गार्डले अलिकति स्वतन्त्रता प्रदान गरेको अवस्थामा टाउको घुमाएर साथीभाइको आफ्ले सार्ने र आफ्नो साथीभाइ सार्न दिनेसम्मको काम गरिएको छ। यो पनि त चिटिङ नै हो नि, हैन ?

**नीरज बराल, नायक**

धेरै पटक चोर्ने प्रयास गरेको छु, तर सफल हुन सकेको छैन्। यो पनि एक प्रकारको कला नै होला, जसलाई मैले अहिलेसम्म ग्रहण गर्न सक्या छैन, गर्न सकेको दिन अलि बढी सफल हुन्छु होला, हैन ?

**आलोक नेम्वाङ, निर्देशक**

मैले धेरै पटक चिट चोरेको छु। पक्राउसमेत परिएको छ। एकपटक एउटै बेन्चमा बस्ने केटी साथीले तिघ्रामा लेखेर ल्याएको चिट सार्दै थिइन्। उनले त्यो चिट सार्ने अवसर मलाई पनि दिइन्, तर दुर्भाग्य उनको तिघ्रा हेर्दाहेर्दै मैले चिट नै सार्न बिर्सिएछु। उनको तिघ्रा हेरिरहँदा गार्डले पनि थाहा पाएछन्। त्यसपछि उनीसहित मलाई पनि परीक्षा हलबाट निकालियो।

**विष्णु सापकोटा, हास्यकलाकार**

कहिलेकाहीं, कक्षा ९-१० मा हुँदा म राम्रो विद्यार्थीमा गनिन्थें। त्यसैले विद्यालयमा हुने परीक्षामा टिचरहरूले मलाई खासै ध्यान दिँदैनथे, त्यसैले कहिलेकाहीं मज्जाले चोरिन्थ्यो। टेस्ट परीक्षा दिने बेलामा अर्को स्कुलमा सेन्टर पर्‍यो। त्यहाँ चिट सार्न हुँदा म पक्राउ परेको थिएँ। कलेज लाइफमा पनि अलिअलि चोरियो, केटीहरूको चिट चोर्ने शैली देख्दा म रोमाञ्चित हुन्छु।

**भरत सिटौला, गायक**

# सुरिताको सिर्जना सर्वोत्कृष्ट सावित









पृष्ठ ९ बाट जारी

थिमबाट दसौं उत्कृष्ट एवार्ड जितिन्। उनीहरूलाई नगद २-२ हजार रुपैयाँ प्रदान गरिएको थियो।

साँझ पाँच बजे प्रारम्भ भएको पहिरन प्रतिस्पर्धाको थालनी 'द विन्ड' थिमबाट भएको थियो। नायिका निशा अधिकारीको नेतृत्वमा र्‍याम्पमा क्याटवाक गर्न उत्रिएका २० जना मोडलले बीसै जना डिजाइनरले हावाको अवधारणमा तयार पारेका पहिरनहरू प्रदर्शन गरेका थिए।

दोस्रो सिक्वेन्सको थिम 'लाइट एन्ड वाटर' राखिएको थियो। यो सिक्वेन्समा डिजाइनरहरूले पहिरनमै बत्तीको सुविधा प्रदान गरेका थिए। अधिकांश डिजाइनरको ध्यान पहिरनबाटै प्रकाश उत्पन्न गर्न सकिन्छ भन्ने थियो। डिजाइनरले पहिरनमा पानीको सम्बन्ध देखाउन एक जना मोडललाई पहिरनसँगै एक्वारियमसमेत बोकाएकी थिइन्। गायक अनिल सिंहले यो सिक्वेन्समा क्याटवाक गरेर मोडलहरूको नेतृत्व गरेका थिए।

तेस्रो सिक्वेन्स 'प्लान्ट एन्ड फरेस्ट' थिममा आधारित थियो। यो थिमका लागि डिजाइनरले आफ्ना पहिरनमा हरिया वनस्पतिका पातहरू प्रयोग गरेका थिए। फुटबल खेलाडी प्रदीप महर्जन यो सिक्वेन्समा मोडलका रूपमा सहभागी थिए। यो सिक्वेन्सका लागि डिजाइनरहरूले वनजंगल तथा वनस्पतिको सदुपयोगलाई आफ्नो डिजाइनमार्फत व्यक्त गरेका थिए, जसमा ग्रे, ब्राउन, ह्वाइट, ओलिभ ग्रीन आदि रंगको संयोजनमा रुखको हांगा, पात, जरा, बोटविरुवा आदि झल्कने सामग्रीले पहिरन तयार पारेका थिए।

चौथो सिक्वेन्सको नेतृत्व नायिका सञ्चिता लुइँटेलले गरेकी थिइन्। प्रतियोगितामा सबैभन्दा बढी अर्थात तीन जना डिजाइनरलाई उत्कृष्ट एवार्ड जिताउने 'फूल' थिमको यो सिक्वेन्सले उपस्थित दर्शकलाई समेत मोहनी लगाएको थियो। सूर्यमुखी, गुराँस आदि सुन्दर फुलहरू पहिरनमै अंकित गरिएकाले यो सिक्वेन्समा क्याटवाक गर्ने अधिकांश मोडल आकर्षक देखिएका थिए।

पाँचौं सिक्वेन्स कीट-पतंग थिममा आधारित थियो। नायिका नम्रता श्रेष्ठको आकर्षक क्याटवाकसँगै प्रारम्भ भएको यो सिक्वेन्समा डिजाइनरले प्रकृतिको एउटा संरचनालाई पहिरनमा उतारेका थिए।

नायिका रेखा थापाको आकर्षक क्याटवाकसँगै प्रारम्भ भएको प्रतियोगिताको छैटौं सिक्वेन्सको थिम जनावर थियो। 'द एनिमल' शीर्षकको थिममा डिजाइनरले आफ्ना पहिरनमा विभिन्न जनावरका आकृतिसँगै जनावरका छालासँग मेल खाने कपडाबाट तयार पारेका पहिरनको डिजाइन गरेका थिए। सातौं सिक्वेन्सको नेतृत्व नेपाली क्रिकेटर विनोद दासले गरेका थिए। 'स्पेस' अर्थात् 'अन्तरिक्ष' थिममा रोवर्ट तथा अन्तरिक्ष युगको परिकल्पनासँग मेल खाने शैलीका डिजाइनहरू प्रदर्शन गरियो।

आठौं सिक्वेन्स नायिका ऋचा घिमिरेको आकर्षक क्याटवाकसँगै प्रारम्भ भयो। भोल्कानो अर्थात् ज्वालामुखी थिममा आधारित पहिरनहरू यो सिक्वेन्समा प्रदर्शन गरिएको थियो। डिजाइनरले पहेंलो रंगको प्रयोगमार्फत आफ्ना डिजाइनमा ज्वालामुखीको प्रतिनिधित्व गराए। क्यानभासमा चित्रकला गरिएकै शैलीमा डिजाइनरले आफ्ना पहिरनमा ज्वालामुखीको काल्पनिक चित्र उतारेका थिए।

प्रतियोगिताको नवौं तथा अन्तिम सिक्वेन्सले समुद्रलाई प्रतिनिधित्व गरेको थियो। हातमा बास्केट बल लिएर हाफपाइन्ट तथा सर्टमा र्‍याम्पमा पहिलो पटक क्याटवाक गरिरहेका नायक निखिल उप्रेतीले यो सिक्वेन्सको प्रतिनिधित्व गरेका थिए। समुद्रको थिमका लागि डिजाइनरहरूले समुद्रको किनारामा टहलिने शैलीका पहिरन तयार पारेका थिए। उक्त थिमका लागि डिजाइनरले नीलो, हरियो, सेतो तथा गुलाबी रंगलाई बढी प्राथमिकता दिएका थिए।

रामकृष्ण ढकाल तथा अनिल सिंहको गायनले संगीतमय बनेको डिजाइनर प्रतियोगिताको कोरियोग्राफी आयुशी शाहले गरेकी थिइन्। सान्द्रा पुनको मेकअपमा क्याटवाक गर्न उत्रिएका मोडलहरूलाई पालैपालो र्‍याम्पमा उतार्ने जिम्मा इमेज च्यानलकी भिजे महिमा भट्टराईले लिएकी थिइन्। कार्यक्रमको पूर्वार्द्धमा विद्युत आपूर्तिमा समस्या देखिए पनि पहिरन प्रदर्शन गर्ने मोडल एवं दर्शकहरूको उत्साहमा





म कक्षा ११ मा अध्ययनरत छु। मेरो कक्षाकै एक युवकले मलाई मन पराएको कुरा उसकै पत्रमार्फत थाहा पाएँ, तर मैले उसको प्रस्ताव अस्वीकार गरेँ, किनभने अहिले हाम्रो उमेर पढेर अघि बढ्ने हो। त्यसमाथि उसको र मेरो जात पनि मिल्दैन। म अहिले नै प्रेमको चक्करमा फस्न चाहन्नँ। मैले उसलाई सम्झाउन खोजेँ, तर पनि ऊ पटक–पटक प्रेमप्रस्ताव राख्ने र पछि लाग्ने काम गरिरहन्छ। यही कारणले मेरो पढाइ पनि बिग्रिरहेको छ। म जतिसक्दो ऊबाट टाढा हुन चाहन्छु। त्यसका लागि मैले कस्तो उपाय अपनाउनुपर्ला ?

–सुश्री पी.

तपाईं उसलाई पन्छाउन भन्दा पनि ऊबाट भाग्न खोजिरहनुभएको छ। तपाईंको पत्रको आशयअनुसार तपाईं पनि भित्री मनले उसलाई मन पराइरहनुभएको छ, तर तपाईं प्रेमको चक्करमा परेर आफ्नो क्यारियर बिग्रन्छ भन्ने सोचाइमा हुनुहुन्छ। वास्तवमा प्रेम गर्न उमेर वा क्यारियर बाधक हुँदैन। क्यारियरलाई सर्वोच्च प्राथमिकतामा राखेर प्रेम गर्न सकिन्छ। यसका लागि आ□नो प्रेम सफल पार्न पनि राम्रोसँग पढ्छु भन्ने उद्देश्य लिन सकिन्छ। जहाँसम्म जातको कुरा छ, अहिलेको समाजमा हुर्किएका तपाइँ जस्ता युवाले पनि त्यसो सोच्ने हो ? जातपात भन्ने कुरालाई पन्छाउनुहोस्, किनकि संसारमा दुईवटा मात्रै जात छन्, एउटा लोग्नेमान्छे अर्को स्वास्नीमान्छे। समस्या तपाईंलाई विकराल लागिरहेको छ, जबकि यसको समाधान सजिलै हुनसक्छ। ती युवकसँग भेटेर एकपटक कुरा गर्नुहोस् र आफ्नो समस्या तथा विचार छर्लङ्ग पार्नुहोस्। यदि तपाईंलाई ती युवकबाट साँच्चै पन्छिनु छ भने उसलाई भनिदिनुस् कि तपाईंलाई प्रेमसम्बन्ध स्वीकार्य छैन। ऊसँग मात्र मित्रता राख्न सकिने बताउनुहोस्। समस्यासँग भागेर होइन, भिडेर समाधान खोज्नुपर्छ।

## • लभगुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## • फिल्मी खबर •

▶▶ सुनिलकुमार थापाको चलचित्र 'तकदिर' काठमाडौं उपत्यकामा प्रदर्शन हुने भएको छ। दुई वर्षअघि उपत्यकाबाहिर प्रदर्शन भै सफल चलचित्रमा दरिएको 'तकदिर' मा विराज भट्ट, दिलीप रायमाझी तथा झरना थापाको मुख्य भूमिका छ।

▶▶ राजु पाण्डेको प्रस्तुतिमा कार्यकारी निर्माता सिपी पौडेल रहेको चलचित्र 'सिलसिला'को प्रदर्शन काठमाडौं उपत्यकाबाहेक पूर्व मेचीदेखि पश्चिम महाकालीका कुल नौवटा स्थानमा हुने भएको छ। चलचित्र 'सिलसिला' का निर्देशक राजेन्द्र उप्रेती हुन्। चलचित्रमा विराज भट्ट, राज तिमिल्सिना, सोनिया केसी, मिथिला शर्मा, सुशील पोखरेल, आरपी पन्त आदि कलाकारको मुख्य भूमिका छ।

▶▶ जेनी कुँवरको चलचित्र 'हलचल'को छायांकन सम्पन्न भएको छ। सुनिल पाण्डेले निर्देशन गरेको यो चलचित्रमा निखिल उप्रेती, मेलिना मानन्धर, मुकेश ढकाल, जेनि कुँवर, मधुसूदन सिलवाल, शैलजा पाण्डे, गोमा केसी, विष्णु सापकोटा आदि कलाकारले अभिनय गरेका छन्।

▶▶ केही महिनादेखि राजधानीका विभिन्न स्थानमा चलचित्र 'अचानक'को छायांकन भैरहेको छ। निखिल उप्रेती, दिलीप रायमाझी र विक्रान्त बस्नेत नायक रहेको यो चलचित्रका निर्देशक देशभक्त खनाल हुन्। चलचित्र 'अचानक' मा ऋचा घिमिरे, उषा पौडेल तथा जेसिकाले नायिकाको भूमिका निर्वाह गरेका छन्।

▶▶ चलचित्र 'मिसन लिम्बुवान'को शुभमुहूर्त सम्पन्न भएको छ। चलचित्रमा एक्सन र कमेडीको मिश्रणबाट लिम्बुवान प्राप्तिका लागि सबै जाति र वर्गको सहभागिताका लागि सन्देश प्रवाह गरिने निर्देशक किशोर सुब्बाले बताए। याक्थुङ कलाकार संघको ब्यानरमा बन्न लागेको मिसन लिम्बुवानको छायांकन लिम्बूहरूको बाहुल्यता रहेको पाँचथर, इलाम तथा ताप्लेजुङमा गरिनेछ। चलचित्रमा मित्र लिङदेन, पूजना प्रधान, मलिशा याक्थुम्बा, करिना श्रेष्ठ, सीमान्त उदास, प्रेम सुब्बा, अरुण प्रधान आदिले अभिनय गर्नेछन्।

▶▶ तामाङ भाषाको चलचित्र ताम्सालिङ (मातृभूमि) को एक कार्यक्रमका बीच मोरङको उर्लावारीमा शुभमुहूर्त गरियो। नेपाल तामाङ घेदुङ संघ इकाइ समिति उर्लाबारीले निर्माण गर्न लागेको यो चलचित्रको छायांकन तामाङ बसोबास क्षेत्रहरू काभ्रे, नुवाकोट, धादिङ, रसुवा, चितवन र पूर्वको मोरङ तथा इलाममा हुनेछ। चलचित्रमा अनुप योन्जन, टोनी डुमजन, पुष्प श्रेष्ठ, रिना राई, अनिष मगर आदिले अभिनय गर्दैछन्। यो चलचित्रमा द्वन्द्व विपिन प्रसाई, नृत्य सन्तोष ल्हो, गीत राम योन्जन तथा संवाद महेन्द्रजंग तामाङको रहनेछ। एलसीडी डिजिटल प्रविधिमा निर्माण हुने ताम्सालिङ तीन महिनापछि प्रदर्शनमा आउने बताइएको छ।




# छुटि्टए श्याम र रञ्जना

चलचित्र निर्देशक श्याम घिमिरे तथा नायिका रञ्जना शर्माबीचको दुई वर्ष लामो वैवाहिक जीवन यसै साता टुंगिएको छ। चार वर्ष लामो प्रेम सम्बन्धपछि २०६३ सालको प्रारम्भमा वैवाहिक जीवन प्रारम्भ गरेका श्याम तथा रञ्जनाबीचको सम्बन्ध गत सोमबारदेखि औपचारिक रूपले टुक्रिएको हो। सानो पर्दाबाट अभिनय यात्रा प्रारम्भ गरेकी नायिका शर्माले ठूलो पर्दाका दुई चलचित्र 'मर्यादा' तथा 'मौसम' मा पनि अभिनय गरेकी छिन्। यसबाहेक उनले 'गहना' तथा 'जानकी' शीर्षकका टेलिश्रृंखलामा पनि अभिनय गरिसकेकी छिन्। यी सबै चलचित्र तथा टेलिश्रृंखलाको निर्देशन श्याम भट्टराईले नै गरेका हुन्। भट्टराईसँग विवाह गरेपछि नै शर्माले दुई ठूला चलचित्रमा अभिनय गरेकी हुन्। परिवारको असहमतिका बाबजुद केही साथीभाई बोलाएर मन्दिरमा विवाह गरेको यो जोडीको असमझदारीका समाचार विवाहलगत्तै आउन थालेका थिए। 'हामी समझदारीमा अलग भएका हौं,' श्यामको प्रतिक्रिया छ। रञ्जनाको तर्क भने बेग्लै छ। उनी भन्छिन्– 'श्यामले चलचित्रमा अभिनय गर्न नदिएकाले वैवाहिक सम्बन्ध अन्त्य गर्नुपरेको हो।' त्यसो त आगामी वैशाखदेखि छायांकन प्रारम्भ हुने भट्टराईको नयाँ चलचित्रमा रञ्जना नै नायिकाका रूपमा अनुबन्धित छिन्।



## जन्म दिनको शुभकामना



माघ २७ गते : प्रकाश ओझा

# सिप्पीले सार्वजनिक माफी मागे

मुम्बई– गत महिना प्रदर्शनमा आएको तथा नेपाल सरकारद्वारा प्रतिबन्धित हिन्दी चलचित्र 'चाँदनी चोक टु चाइना' का निर्माता रमेश सिप्पीले गत सोमबार मुम्बईमा माफी मागेका छन्। ठूलो संख्यामा उपस्थित प्रवासी नेपाली तथा भारतीय मिडियासमक्ष सिप्पीले भगवान् बुद्धको जन्मस्थलका सम्बन्धमा चाँदनी चोक टु चाइनामा सत्य जानकारीको अभावमा अन्यथा हुन गएको र यसबाट नेपाली दाजुभाइहरूको मनमा चोट पुग्ने काम भएको स्वीकार गर्दै त्यसका लागि सम्पूर्ण चलचित्र युनिटका तर्फबाट माफी माग्छु भनेका छन्।

नेपाली श्रमिक मजदुर युनियन भारतका अध्यक्ष मास्टर थापाद्वारा आयोजित उक्त पत्रकार सम्मेलनमा निर्माता सिप्पीले भने– 'भगवान् गौतम बुद्ध नेपालको लुम्बिनीमै जन्मिएका हुन्।' सम्मेलनमा सिप्पीले यो घटनाबाट नायक अक्षय कुमार पनि दुःखी भएको र उक्त पत्रकार सम्मेलनमा समेत उनी आउन चाहेको तर भारतबाहिर भएका कारण आउन नसकेको जानकारी दिए। सिप्पीले नेपालका लागि भारतीय राजदूत राकेश सुदमार्फत माफीपत्र काठमाडौं पठाएको र चलचित्रमा विवादास्पद बनेको उक्त दृश्यसमेत हटाइसकिएको जानकारी दिए। श्रमिक युनियनका मास्टर थापाले पत्रकारले सोधेको एक प्रश्नको जवाफमा सिप्पीले नेपालमा माफी मागे पनि गौतम बुद्धको प्रसङ्ग अन्तर्राष्ट्रिय स्तरको विषय भएकाले उनले प्रत्यक्ष रूपमा



नेपालीहरूसमक्ष अन्तर्राष्ट्रिय जनसमुदायले चाल पाउने गरी माफी माग्नुपर्छ भन्ने आफ्नो धारणा रहेको बताए। यसअघि बलिउडको चलचित्रसम्बन्धी वेबसाइड इन्डिया एफएम डटकममार्फत पनि सिप्पीले माफी मागेका थिए। पत्रकार सम्मेलनमा क्षमायाचना गर्दा उनी भावुक र गम्भीर थिए। उक्त पत्रकार सम्मेलनमा चलचित्रका निर्देशक निखिल अडवाणी तथा सहनिर्माता मुकेश तलेजासमेत सहभागी थिए।

–वीरेन्द्र पौडेल



# एकैपटक दुई लिटिल लेडी

**साप्ताहिक समाचार**

काठमाडौं- 'हाम्रा प्रधानमन्त्री कामभन्दा बढी भाषण गर्नुहुन्छ। मलाई एक साताका लागि प्रधानमन्त्रीको कार्यभार सुम्पियो भने म कुराभन्दा काम बढी गर्छु। नेपाली जनताको शिर कहिल्यै लाजले निहुरिन दिनेछैन।' -कृति सिटौलाले यो जवाफ दिएपछि नाचघरमा कार्यक्रम हेर्न बसेका दर्शकहरू खुसीले चिच्याए। 'तपाईंलाई एक साताका लागि देशको प्रधानमन्त्री बनाइयो भने के गर्नुहुन्छ ?' -प्रमुख निर्णायक चलचित्र अभिनेता सुनिल थापाले सोधेको प्रश्नको उक्त उत्तर निर्णायक मण्डलमा रहेका नायक सुशील क्षेत्री तथा साप्ताहिकका संवाददाता सुव्रत आचार्यलाई पनि मन पर्‍यो, त्यसैले कृतिलाई 'लिटिल लेडी क्यापिटल-२००९'को उपाधि प्रदान गरियो। उनले 'बेस्ट ट्यालेन्ट'को उपाधि पनि पाइन्।

'गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने कुरा सबैलाई थाहा छ। यसका लागि अतिरिक्त प्रचारको आवश्यकता पर्दैन। नपत्याउनेले लुम्बिनी घुमेर हेरे हुन्छ।' -दीपिका कार्कीको यो जवाफ पनि सटीक थियो। प्रमुख निर्णायक थापाले सोधेका थिए- 'गौतम बुद्धको जन्म नेपालमा भए पनि विदेशमा भएको भन्ने कुराका बारेमा तपाईंको धारणा के छ ?' दीपिकाको त्यो जवाफले उनलाई 'लिटिल लेडी क्यापिटल-२००९' को उपाधि दिलायो।

गत साता आयोजित बालिकाहरूको एक प्रतिभा प्रदर्शन तथा प्रतिस्पर्धामा दुई जना 'लिटिल लेडी'को छनौट भयो। कुल ५२ जना प्रतिस्पर्धीलाई ७ देखि १० र ११ देखि १३ वर्ष उमेर समूहमा विभाजित गरी दुईवटा प्रतिस्पर्धा एकैपटक सञ्चालन गरिएको थियो। हिमालयन काष्ठमण्डप कल्चरल समूहद्वारा आयोजित उक्त प्रतिस्पर्धामा चलचित्र निर्देशक नारायण पुरीले सहभागी तथा विजेताहरूलाई पुरस्कार एवं प्रमाणपत्र वितरण गरेका थिए। सात घण्टा चलेको प्रतिस्पर्धाको कोरियोग्राफी प्रभा अमात्य तथा सञ्चालन संगीता श्रेष्ठले गरेका थिए।

# लेखनाथमा फेसन सो र संगीतको रमझम



पोखरा- फेसन सो कुनै होटल तथा कर्न्सटमा एकै दिन हुन्छ तर पोखरानजिकैको लेखनाथ नगरपालिकामा आयोजित सातौं लेखनाथ महोत्सवको अवसरमा भने लगातार ९ दिनसम्म फेसन सोको रमझम देखियो। दिनभरको दोहोरीको रौनकपछि तात्तिने फेसन सोको मजा लिन केटाकेटीदेखि पाकासम्मको उत्साहजनक उपस्थिति देखिन्थ्यो। फेसन सो हेर्न गाउँगाउँबाट समेत दर्शक ओइरिएका थिए।

स्प्रिङउड फेसन सोमा पोखराका मोडलहरूको संस्था एन एक्सपोजका १४ जना मोडलले क्याटवाक गरेका थिए। सधैं युवतीहरूको संख्या बढी हुने फेसन सोमा यस पटक भने युवकहरूको संख्या बढी देखियो। फेसन सोमा चर्चित मोडल श्रुजु उदास, विजिता विजुक्छे, अनुता गुरुङ, करिश्मा गुरुङ आदि त्याम्पमा देखिए। गएको आइतबारसम्म जमेको फेसन सोमा मोडलहरूले जिन्स र कटनको पाइन्टका साथ युवतीहरूले इभिनिङ गाउन, क्याजुअल वेयर आदि प्रस्तुत गरेका थिए।

फेसन सोसँगै महोत्सवमा राष्ट्रिय स्तरका पप गायक-गायिकाहरूको जमघट पनि देखियो। गायिका रेसमा सुनुवारले मै ठूली भइछु रे गीतमा दर्शकहरूलाई उफारिन्। उक्त गीतमा केटाकेटी मात्र होइन बूढाबूढी पनि जोस्सिएर नाचे। उता हिपहप गायक अविनाश घिसिङको 'ल्हासाको चिसो' र 'कलकत्ते काइँयो' ले पनि दर्शकलाई मनोरञ्जन दियो। डान्सरसहित मञ्चमा प्रकट भएका गायक सीताराम पोखरेल पनि दर्शकको नजरमा परे। उनले चर्चित रिमिक्स गीत 'आँखाको नानी हौ तिमी' के गाएका थिए दर्शक कम्मर मर्काउँदै नाच्न तम्सिए।

उता प्राश्ना शाक्य, प्रकाश ओझा, राम-लक्ष्मण आदिले पनि पर्याप्त मनोरञ्जन प्रदान गरे। संगीतको तलतल मेटेपछि दर्शकलाई पेट मिचेर हँसाउन बेइमान (रवि डंगोल) र सुब्बा साहेब (पूर्ण थापा) संविधानसभा एक्स्प्रेस नामक हास्य प्रहसन लिएर मञ्चमा झुल्किए। प्रहसनमार्फत उनीहरूले नेताहरूलाई छिटो संविधान लेखेर जनताको चाहना पूरा गर्न व्यंग्य कसे। कार्यक्रममा स्थानीय गायक-गायिकासँगै राष्ट्रिय स्तरका आधा दर्जन कलाकारले गीत-संगीत प्रस्तुत गरेका थिए।

## साप्ताहिक क्विज ८

- साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला।
- कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ।
- विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ। साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ।
- यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ।

क्विज-५ को उत्तर : विश्व हिङ्माङ्

'कुसुमे रुमाल'मा तृप्तिका बाबु बन्ने चरित्र अभिनेता को थिए ?

........................................

........................................

नाम : ..........................

ठेगाना : ..........................

..........................

फोन नम्बर : ..........................

**क्विज-५ का टिकट विजेताहरू:**

१. विनोद मल्ल, जोरपाटी
२. सन्तोष नेपाल, लाजिम्पाट
३. सतीशराज पौडेल, ताहाचल
४. रञ्जन खनाल, कोटेश्वर
५. बसन्त खत्री, पनौती

**क्विज-५ का सीडी विजेताहरू:**

१. सुदर्शन ढोडारी, बालाजु
२. नारायण अधिकारी, मण्डिखाटार
३. सोबी केसी, धरान
४. पुष्पराज क्षेत्री, दाङ्
५. शबनम पाण्डे, भरतपुर

**विजेताहरूले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चावहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला। उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ।**

● पहिलो विश्व ●

## ठूलो स्तनको जमाना गयो


कुनै समय ठूलो स्तन हुने महिलालाई आकर्षणका रूपमा हेरिन्थ्यो। अझ ग्ल्यामरको क्षेत्रमा लागेका महिलाहरू आफ्नो स्तनलाई आकर्षक र ठूलो बनाउन चर्को मूल्य तिरेर कस्मेटिक सर्जरी गर्थे, तर अहिले पश्चिमी मुलकको फेसन शैलीलाई हेर्ने हो भने अहिले ठूला स्तन भएका महिला आकर्षक मानिँदैनन्। अहिले ठिक्कको स्तन भएका युवतीलाई आकर्षक मान्न थालिएपछि कस्मेटिक सर्जरी गरिने स्थानमा स्तन घटाउने महिलाहरूको भीड बढ्न थालेको छ। कुनै समय 'बे वाच' टेलिफिल्मकी पामेला एन्डरसनले कृत्रिम रूपमा स्तन ठूलो बनाएपछि महिलाहरूमा ठूलो स्तन बनाउने होड नै चलेको थियो। महिलाको ठूलो स्तन बनाउने हार्ली मेडिकल ग्रुपमा पछिल्लो छ महिनाको अवधिमा स्तन ठूलो बनाएका ७५ प्रतिशत महिला आफ्नो स्तन घटाउन पुगेका थिए। उक्त ग्रुपका निर्देशक लिज् डालेका अनुसार अहिले महिलाहरूमा प्राकृतिक सौन्दर्यप्रति रुचि बढेका कारण यस्तो लहर आएको हो।



## भियग्राको जमाना जाने भो

इङ्ल्यान्डको अक्सफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ता वैज्ञानिकहरूले मानिसमा यौन उत्तेजना जगाउने विद्युतीय प्रविधिको विकास गर्न सफलताको नजिक पुगेको दावा गरेका छन्। 'विद्युतिय सेक्स चिप' नामकरण गरिएको यो प्रविधिले मानिसमा यौन उत्तेजना जगाउने इन्द्रियलाई सक्रिय पार्ने वैज्ञानिकहरूको विश्वास छ। मानिसको आँखाको पछिल्लो भागमा रहेको 'ओरब्रिटोफोन्टल कोर्टेक्स' भन्ने भागमा मानिसमा भोक र यौनको अनुभूति गराउने इन्द्रिय हुन्छ। यो इन्द्रियलाई कुनै पनि ढंगले सक्रिय गर्न सकेको खण्डमा मानिसमा यौनको इच्छा जागृत हुने कुरा वैज्ञानिकहरूले आफ्नो प्रारम्भिक अनुसन्धानबाट पुष्टि गरेका छन्। यो अनुसन्धानमा लागेका वैज्ञानिकले एक महिलाको सोही इन्द्रियमा बाहिरबाटै तरङ्ग सिर्जना गर्दा उनले यौनचाहना पहिलेको तुलनामा बढेको पाइयो। यदि यस्तो किसिमको तरङ्गलाई शरीरभित्र उपकरणको सहयोगमा प्रतिस्थापन गर्न सके यसले अहिले बजारमा देखिएको भियग्रालाई प्रतिस्थापन गर्ने कुरामा वैज्ञानिकहरू आशावादी छन्। मस्तिष्कको स्नायु कोमल हुने हुँदा यसलाई निकै संवेनशील ढंगले राख्नुपर्छ। अक्सफोर्डका वैज्ञानिकहरूले करिब १० वर्षभित्र यसलाई मानव शरीरमा प्रत्यारोपण गरेर काम गर्न लायक बनाउने दाबी गरेका छन्।





## बाघसँग पौडी

मियामीका बाघ प्रशिक्षकहरूले मानिस र बाघलाई एकै थलोमा पौडी खेल्ने प्रशिक्षण दिइरहेका छन्। पोखरीमा भइरहेको यो प्रशिक्षण सफल भएपछि बाघसँग पौडी खेल्ने व्यवस्था गर्ने भएका छन्।





## अन्त्यमा...



अस्ट्रेलियाबाट प्रकाशित हुने लेड्स म्यागजिन पुरुष पाठकहरूबीच लोकप्रिय छ। यो म्यागजिनले नयाँ वर्षको अवसरमा आफ्ना ग्राहकलाई लचिलो कृत्रिम स्तन उपहार दिने योजना बनाएको थियो। यसका लागि म्यागजिनले चीनको एक कम्पनीलाई अर्डरसमेत दियो। योजनामुताबिक निर्माण कम्पनीले १ लाख ३० हजारवटा कृत्रिम स्तन ढुवानी गर्‍यो। पानी जहाजबाट पठाइएको उक्त कृत्रिम स्तन ठेगाना गलत हुनाले अन्यत्र गयो। पानीजहाजको यात्रा ढिलो हुने हुँदा म्यागजिनले निर्धारित मितिमा उक्त कृत्रिम स्तन पाउन सकेन, जसका कारण पत्रिकाले यो वर्षको आगमनमा आफ्ना पाठकलाई कृत्रिम स्तन वितरण गर्न नसक्ने भएको छ। म्यागजिनले उक्त कृत्रिम स्तन पाएपछि भने पाठकलाई उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

● सानो पर्दा ●

▶▶ नेपाल टेलिभिजन-२ बाट नयाँ सांगीतिक कार्यक्रमको प्रसारण प्रारम्भ भएको छ। 'संगीत मनोरञ्जन' शीर्षक राखिएको यो कार्यक्रममा विभिन्न रमणीय पर्यटकीय स्थलहरूका साथै नयाँ-नयाँ म्युजिक भिडियो, आधुनिक, पप, लोक, दोहोरी, रिमिक्स तथा चलचित्रका गीतहरू प्रसारण गरिन्छ। यो कार्यक्रम प्रत्येक मंगलबार राति ७ बजे प्रसारण हुन्छ।

▶▶ कान्तिपुर टेलिभिजनबाट 'कान्तिपुर आज' दिनमा दुई पटक प्रसारण हुन थालेको छ। यसअघि प्रत्येक दिन राति दस बजे प्रत्यक्ष प्रसारण हुने यो कार्यक्रम अब दर्शकहरूले भोलिपल्ट बिहान दस बजे पनि हेर्न पाउनेछन्।

▶▶ कान्तिपुर टेलिभिजनबाट प्रत्येक दिन राति १० बजे प्रसारण हुने समाचारमूलक कार्यक्रम 'कान्तिपुर आज' की सञ्चालिका सलोनी राजभण्डारीलाई अब उक्त कार्यक्रममा देख्न पाइनेछैन। व्यक्तिगत कारण दर्साउँदै उनी माघको पहिलो साता कान्तिपुर टेलिभिजनबाट अलग भएपछि अहिले यो कार्यक्रमको सञ्चालन संवाददाता दिवाकर ज्ञवालीले गरिरहेका छन्।


▶▶ इमेज च्यानलले प्रत्येक सोमबारदेखि शुक्रबारसम्म राति ८ बजेदेखि समाचारमूलक कार्यक्रम प्रसारण गर्न थालेको छ। आधा घण्टा लामो यो कार्यक्रममा कुनै पनि समसामयिक विषयवस्तुमा विशेषज्ञहरूसँग संवाद गरिन्छ।

▶▶ नेपाल टेलिभिजन टुबाट प्रसारण भैरहेको सांगीतिक कार्यक्रम 'प्लेट इट अन' ले कम समयमै लोकप्रियता हासिल गरेको छ। प्रत्येक दिन साँझ ५ बजेदेखि ६:३० बजेसम्म प्रसारण हुने यो कार्यक्रममा फोनमार्फत दर्शकसँग प्रत्यक्ष वार्तालाप हुन्छ र उनीहरूले नै रोजेका म्युजिक भिडियोहरू प्रसारण गरिन्छ।

▶▶ लामो समय अमेरिकामा बिताएर स्वदेश फर्किएका हास्यकलाकार राजाराम पौडेल पुनः सानो पर्दामा व्यस्त भएका छन्। नेपाल टेलिभिजनबाट सोमबार राति प्रसारण हुने शिवहरि पौडेल तथा जितु नेपालद्वारा निर्देशित हास्यटेलिश्रृंखला 'जिरे-खुर्सानी' मा अभिनय गर्न थालेका कलाकार पौडेल पछिल्लो समयमा मह क्याम्पमा प्रवेश गरेका छन्। आफ्नो अभिनय-यात्राको प्रारम्भ पनि मह जोडीसँगै गरेका कलाकार पौडेलले महको नयाँ श्रृंखला 'आमा' मा प्रभावकारी भूमिका निर्वाह गरेका छन्। आगामी दिनमा पनि महका श्रृंखलामा अभिनय गर्ने योजनामा रहेका कलाकार पौडेलले 'जिरे-खुर्सानी' को अभिनयलाई पनि निरन्तरता दिनेछन्।



## • साताको स्वर •



### डम्बर नेपाली

**‘मेरो जिन्दगीबाट जाने भए जाऊ...’ गीत कुन शैलीमा आधारित छ ?**
यो एउटा टचिङ मेलोडी गीत हो।

**कस्तो मनस्थितिमा रचिएको ?**
साँझको बेलामा सोच्दै जाँदा फुरेको हो ।

**यो गीतको कुन पक्ष मजबुत छ ?**
तर अन्तिम पटक भेट्न आऊ भन्ने शब्द ।

**यो गीत कोप्रति समर्पित छ ?**
मदेखि टाढिएका साथीहरूप्रति ।

**यो गीतले के सिकाउँछ ?**
पाउनु मात्र सबै थोक होइन, समर्पणमा पनि आनन्द छ ।

**मोफसलका कलाकारलाई राजधानीमा टिक्न गाह्रो छ भनिन्छ नि ?**
मोफसलका कलाकारहरूलाई राजधानीमा बस्न गाह्रो छ । म्युजिक कम्पनी तथा मिडियामा कन्टिन्यु नभएकाले गर्दा गाह्रो हुन्छ।

**संगीतमा कहिलेसम्म सक्रिय हुने ?**
श्रोताहरू भनेका हाम्रा भगवान् हुन्, उहाँहरूको आशीर्वाद रहुन्जेल ।

## • म्युजिक अपडेट •

सहरको रमझमबाट अलि टाढा रहेका बुटवल-१४ का तामगरवासीहरू बिहीबार लोकदोहोरी गीत र नृत्यमा रमाए । सहिद दिवसको अवसर पारेर नेपालमै सबैभन्दा धेरै उपभोक्ता भएको चारपाला सामुदायिक वनले आयोजना गरेको लोकदोहोरी हेर्न-सुन्न महोत्सवमा जस्तै हजारौं स्थानीयवासीको घुइँचो लागेको थियो । अतिथि कलाकारका रूपमा आएका गायक पुरुषोत्तम न्यौपानेले आफ्ना आधा दर्जन गीतमार्फत युवायुवती, केटाकेटी र वृद्धवृद्धाको मन जित्दै आफूसँगै छमछमी नचाए । कार्यक्रममा चेतन ढकालले कमेडी नृत्य गरेर गाउँलेहरूलाई हँसाएका थिए भने स्थानीय कलाकारहरू वैकुण्ठ महत, लक्ष्मण खड्का, नारायण थापा, लोकेन्द्र शाह, बाबुराम गन्धर्व, सोम थापा तथा मधु शाहीको प्रस्तुति पनि आकर्षक थियो। दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म चलेको दोहोरीमा मिर्मिरे दोहोरी साँझ बुटवल प्रथम, राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान रूपन्देही द्वितीय, मिलीजुली सांगीतिक मञ्च शंकरनगर तृतीय भए ।

वरिष्ठ गायक एवं संगीतकार प्रेमध्वज प्रधानलाई बिजुलीमाया वन श्रेष्ठ राष्ट्रिय सङ्गीत पुरस्कारबाट सम्मान गरिएको छ। भीमविराग सङ्गीत साहित्य कला प्रतिष्ठानले हेटौंडामा आयोजना गरेको कार्यक्रममा गायक प्रधानलाई साहित्यकार प्रेमविनोद नन्दनले पुरस्कार प्रदान गरेका हुन् । पुरस्कारको राशि ५० हजार नगदसहित ताम्रपत्र छ ।

सरस्वती पूजाको अवसरमा साधना कलाकेन्द्रले नृत्य तथा गायनतर्फका आफ्ना दुई विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। गत शनिबार आयोजित एक समारोहमा गायनतर्फको छात्रवृत्ति गायत्री त्रिपाठीलाई तथा नृत्यतर्फको छात्रवृत्ति दीपेन थापामगरलाई केन्द्रका संस्थापक तथा संगीतकार मिलन मोक्तानले प्रदान गरे । समारोहमा संगीतकार महेश खड्काले केन्द्रबाट गीत, संगीत तथा नृत्यको प्रशिक्षण लिएकाहरूलाई प्रमाणपत्र वितरण गरेका थिए ।

सरस्वती पूजाको अवसरमा गत शनिबार पाटनमा सम्पन्न ‘कत्थक नृत्य प्रतियोगिता’ मा रोहिया महर्जनले पहिलो पुरस्कार जितेकी छिन् । सनातन धर्म सेवा समितिले आयोजना गरेको उक्त प्रतियोतिगामा कोरियोग्राफर तथा नृत्यांगना महर्जनले प्रथम स्थान हासिल गर्दै नगद १० हजार रुपैयाँ जितिन् । प्रतियोगितामा नम्रता केसी तथा बेलीमाया आलेमगरले क्रमश: दोस्रो तथा तेस्रो स्थान हासिल गरे । प्रत्यक्ष संगीतको धुनसँगै प्रतिस्पर्धी नृत्यांगनाले आकर्षक कत्थक नृत्य प्रस्तुत गरेका थिए ।

विगतका वर्षहरू झैं यो वर्ष पनि त्रियुगा कलेजले सरस्वती पूजाको अवसरमा आयोजना गरेको सांगीतिक कार्यक्रममा विद्यार्थीहरूले भरपूर मनोरञ्जन लिए । कार्यक्रममा बालबालिका तथा युवायुवतीहरूको बाक्लो उपस्थिति थियो । कार्यक्रममा बालबालिकाहरूले बालगीतमा नृत्य प्रस्तुत गरी सबैको प्रशंसा पाए भने स्थानीय कलाकारहरू हिन्दी तथा नेपाली रिमिक्स गीतमा कम्मर मर्काउँदै नाचेका थिए । कलाकारहरूले मेरीबास्सैका माग्ने बूढा र मैयाँको क्यारिकेचर गरेर केहीबेर हँसाएका थिए । कार्यक्रमको बीचबीचमा व्यंग्यात्मक गजल, कविता र हाइकु पनि प्रस्तुत गरिएको थियो । कार्यक्रममा स्थानीय गायकहरूले चर्चित पप र आधुनिक गीतहरू गारुका थिए । कार्यक्रममा उत्कृष्ट कलाकारहरूलाई पुरस्कृत पनि गरिएको थियो ।

कैलालीको टिकापुरमा सम्पन्न टिकापुर महोत्सवमा राजधानीबाट गएका कलाकारहरूले साँस्कृतिक कार्यक्रम प्रस्तुत गरे। गायक-गायिकाहरु मिलन लामा, डिजराज पौडेल, कविराज निरौला, मञ्जु पौडेल, हाँस्य कलाकार नारद खतिवडा तथा जितु नेपालको समुहले पश्चिम नेपालका दर्शकलाई गीत-संगीत एवं प्रहसनमार्फत मनोरञ्जन प्रदान गरेका थिए।

चर्चित रक समूहहरूको सहभागितामा पश्चिम नेपालबाट प्रारम्भ भएको ‘रक ज्यामिङ म्युजिकल टुर’ धरानमा पुगेर सम्पन्न भएको छ । सांगीतिक समूहहरू कर्मा, कबवेब, रबिन एन्ड न्यु रेभुलुसन, युग, सायस तथा अभय एन्ड स्टिम इन्जनको सहभागितामा गत माघ ११ गते धनगढीबाट प्रारम्भ भएको सांगीतिक यात्रा माघ १२ गते नेपालगन्जमा, १४ गते बुटवलमा, १६ गते पोखरामा, १८ गते नारायणगढमा तथा गत मंगलबार धरानमा पुगेको थियो । कार्यक्रमका संयोजक कुलदीपध्वज थापाका अनुसार सांगीतिक कार्यक्रममा गायक सुनील बर्देवा तथा डिजे कुलको पनि सहभागिता थियो। कार्यक्रमबाट उठेको ५ प्रतिशत रकम अनाथ बालबालिकाको हितमा काम गर्दै आएको संस्था सीडब्लुसी नेपाललाई प्रदान गरिने बताइन्छ।

अघिल्लो साता स्याङ्जाको वालिङमा सम्पन्न वालिङ महोत्सवमा गायक प्रकाश ओझा तथा नवराज घोरासैनीले गीत-संगीत प्रस्तुत गरे ।

गायक राजेशपायल राई एकमहिना लामो जापानको सांगीतिक यात्रापछि गत साता स्वदेश फर्किएका छन् । जापानका विभिन्न स्थानमा आयोजित सांगीतिक कार्यक्रममा गायक राईले आफ्ना डेढ दर्जनभन्दा बढी लोकप्रिय गीत प्रस्तुत गरेका थिए । नमस्ते ब्यान्डको संयोजनमा सांगीतिक कार्यक्रमका लागि जापान पुगेका गायक राई सहभागी भएका नौमध्ये दुई कन्सर्टमा गायक विजय लामाको पनि सहभागिता थियो ।

सांगीतिक समूह ‘द युनिटी’ का गायक सुदिन पोखरेल अस्ट्रेलियामा आयोजित सांगीतिक कार्यक्रममा सहभागी भएर यसै साता स्वदेश फर्किएका छन् ।

सांगीतिक कार्यक्रमका क्रममा अमेरिका पुगेको करिब साढे दुई वर्षपछि गायिका सपनाश्री छोटो समयका लागि स्वदेश फर्किएकी छिन् । केही साताअघि स्वदेश फर्किएकी गायिका सपनाश्रीले यस क्रममा एउटा गीति-संग्रहका लागि गीतहरूसमेत रेकर्डिङ गर्न भ्याएकी छिन् । पारिवारिक भेटघाटका लागि स्वदेश आएकी सपनाश्री यसै साता अमेरिका प्रस्थान गर्दैछिन् ।

‘सिमसिमे पानीमा...’ गाएर चर्चामा आएकी गायिका रेखा शाह अब भने आधुनिक तथा पप गायिकाका रूपमा श्रोतामाझ आउने भएकी छिन् । लोकगीत गाएर पाएको ख्यातिपछि केही वर्षको अन्तरालपछि उनी आधुनिक तथा पपगीतहरूको पहिलो संग्रह ‘द लाइन’ मार्फत श्रोतामाझ आउन लागेकी हुन् ।



उन्मत्त हाँसो: द युनिटीका सुदिन पोखरेल तथा गायक सुदीप गिरी राजधानीमा आयोजित एक सांगीतिक समारोहमा सहभागि हुनुअघि । तस्वीर: फुर्सद डटकम

## लाइभ शो

• राजधानीका विभिन्न १० वटा विद्यालयमा अध्यनरत ६ देखि १४ वर्ष उमेर समूहका ५३ जना बालबालिकाहरू, जसमध्ये २८ जना बालिकाले लिटिल प्रिन्सेज र २३ जना बालकले लिटिल प्रिन्सको उपाधिका लागि आउँदो आइतबार माघ २६ गते राष्ट्रिय नाचघरमा प्रतिस्पर्धा गर्ने भएका छन् । कार्यक्रममा गायकहरू मिङ्मा शेर्पा, सुमन श्रेष्ठ, किसान गुरुङका सांगीतिक प्रस्तुति, केही आकर्षक नृत्य तथा नवप्रवेशी मोडलहरूको क्याटवाक पनि समेटिनेछ ।

• धरानको पर्यटन क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले प्रत्येक वर्ष आयोजना हुँदै आएको धरान सडक उत्सव आज माघ २४ गते प्रारम्भ हुने भएको छ। होटल एशोसिएन अफ धरानको आयोजनामा हुन लागेको सातौं सडक उत्सव तीन दिन चल्नेछ। धरानको भानुचोकदेखि कलेजरोडसम्म १ सयभन्दा बढी स्टल रहने उत्सवमा धरानको परिचय बोकेका विभिन्न वस्तु जातीय परिकार, लत्ता-कपडा तथा घरायसी सामग्रीहरू हेर्न पाइनेछ । उत्सव अवधिभर प्रत्येक दिन सांस्कृतिक कार्यक्रमका साथै विभिन्न डकुमेन्ट्रीसमेत प्रदर्शन गरिनेछ। ‘घुम्न जाऊँ धरान’ भन्ने नाराका साथ हुन लागेको यस पटकको सडक उत्सवमा जातीय परिकार खाने, वेटररेस, मःम खाने तथा डोरी तान्ने प्रतियोगिता आदि पनि हुनेछन् ।

• नटराज डान्स स्कुल, वीरगन्जको आयोजनामा शनिबार वीरगन्जमा मास्टर किङ्ग प्रतियोगिता हुने भएको छ । १० देखि १४ वर्ष उमेर समूहका कुल १५ बालक सहभागी रहेको यो प्रतियोगितामा प्रतिस्पर्धीहरूलाई आयोजकहरूले एक महिनाअघि देखि विविध तालिम दिँदै आएका छन् ।

• प्रथम सहिद लखन थापामगर स्मृति प्रतिष्ठानको आयोजनामा भोलि शनिबार कमलादीस्थित प्रज्ञाभवनमा ‘लखन स्मृति साँझ’ शीर्षकको सांस्कृतिक कार्यक्रम हुँदैछ । दिउँसो १२ बजेदेखि प्रारम्भ हुने यो कार्यक्रममा रेश्मा सुनुवार, डम्बर नेपाली, कविता आले, कुन्ति मोक्तान, खड्ग गर्बुजा, जीवन शर्मा, जगदीश समाल, शीला आले, बिमल डाँगी, त्रिलोक राना आदि करिक डेढ दर्जन गायक-गायिकाले गीत-संगीत प्रस्तुत गर्दैछन् । जितु नेपालको हास्यप्रस्तुति समेत समेटिने उक्त कार्यक्रममा गोर्खा काठमाडौं सांस्कृतिक कला केन्द्रका कलाकारहरूले नृत्य प्रस्तुत गर्नेछन् ।

## • नजिकबाट •

# युवराज भण्डारी (डिजे युवा)

| | |
|---|---|
| जन्ममिति | : मंसिर २७ |
| घरमा बोलाउने नाम | : युवराज |
| नामको अर्थ | : राजाको छोरा |
| परिचय | : डिस्को जक्की |
| जन्मस्थान | : केराबारी, मोरङ |
| रुचि | : गीत-संगीत र घुमघाम |
| प्रकाशित एल्बम | : डिजे युवा-स्पिड |
| सांगीतिक गुरु | : कोही छैन |
| मनपर्ने परिकार | : दाल, भात र तरकारी |
| मनपर्ने रंग | : सेतो |
| मनपर्ने पहिरन | : क्याजुअल |
| मनपर्ने मौसम | : पानी परेको बेला |
| मनपर्ने खेल | : भलिबल |
| फुर्सदमा | : साथीभाइहरूसँग रमाइलो गर्ने |
| मनपर्ने गीत | : आउँदै गर मालती (हेमन्त शर्मा) |
| मनपर्ने आफ्नै बानी | : सबैसँग घुलमिल हुनसक्छु जस्तो लाग्छ |
| पहिलो गीत | : जोर नाले बन्दुक |
| पहिलो एल्बम | : स्पिड |
| पहिलो चर्चित गीत | : पछि लाग्नु पर्दैन |
| सबैभन्दा बढी माया | : मेरा श्रोतालाई |
| पहिलो चुम्बन | : उनैलाई |
| जीवनको उद्देश्य | : संगीतका साथै समाजको सेवा गर्ने |
| गोप्यकुरा | : म भलिबल खेलाडी थिएँ |



# वास्तविक उमेरको प्रतियोगिता प्रारम्भ

**काठमाडौंमा जारी १७ वर्ष मुनिको एसीसी एलाइट कप क्रिकेट प्रतियोगितामा नेपालले विजयी सुरुवात गरेको छ। पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसको मैदानमा भएको पहिलो खेलमा नेपालले प्रतिद्वन्द्वी कतारलाई १ सय ४ रनको विशाल अन्तरले पराजित गरेको छ। खेल तालिकाअनुसार नेपालले अब माघ २५ गते हङकङविरुद्ध र २६ गते सिंगापुर विरुद्ध लिगचरणका खेल खेल्नेछ।**



तस्बिर : उज्ज्वल डंगोल

**साप्ताहिक समाचार**

काठमाडौं- गत वर्ष काठमाडौंमा सम्पन्न १५ वर्षमुनिको एसीसी कपमा नेपालले ठूलो झड्का सामना गर्नुपर्‍यो। सेमिफाइनलमा हङकङलाई १ सय ५४ रनले पराजित गरेर फाइनलको यात्रा सुनिश्चित गरेको नेपाली टिमलाई एसियन क्रिकेट काउन्सिलको निर्णयले फाइनल खेल्नबाटै वञ्चित गर्‍यो।

एसियन क्रिकेट काउन्सिलले सन् २००५ मा उमेर समूहको प्रतियोगितामा ल्याएको कडा नीतिकै कारण बर्खास्तमा पर्दा अन्य राष्ट्रको तुलनामा नेपालले बढी नै बेइज्जतको सामना गर्नुपरेको थियो। आयोजक राष्ट्र त्यसमा पनि फाइनलमा प्रवेश गरेको अवस्थामा प्रतियोगिताबाटै बाहिरिनु नेपालका लागि ठूलो धक्का सावित भयो।

१५ वर्षमुनिको एसीसी प्रतियोगितामा भोगेको लज्जास्पद क्षणबाट भने नेपाल क्रिकेट संघले ठूलै शिक्षा पाएको छ। त्यस्तो स्थिति पुनः दोहोरिन नदिन नेपालले गत बुधबारदेखि आयोजना गरेको १७ वर्षमुनिको एसीसी एलाइट क्रिकेट प्रतियोगितामा भने सतर्कता अपनाएको छ। १९ वर्षमुनिको राष्ट्रिय प्रतियोगितामा थोरै लचकता देखाएको क्यानले यो प्रतियोगिताका लागि खेलाडी छनौट गर्न कडाइ नै गरेको थियो। सबै खेलाडीको हाडको एक्स-रे गरेर छनौट चरणमा लिए पनि यसलाई पुष्टि गर्न क्यानले खेलाडीहरूको एक्स-रे रिपोर्टलाई एसियन क्रिकेट काउन्सिलमा पठाएको थियो। बन्द शिविरमा छनौट भएका १८ जना खेलाडीको उमेर पत्ता लगाउन स्वदेशमै केही खेलाडी उमेर बढी भएका कारण अयोग्य भएपछि क्यानले बन्द शिविरमा छनौट भएका १८ जना खेलाडीको एक्स-रे रिपोर्टलाई 'एसीसी एज भेरिफिकेसन प्रोटोकल' मा पठाउँदा १३ जना मात्र वास्तविक उमेरको पाइएका थिए।


राष्ट्रिय प्रतियोगितामा सहभागी भएका ८४ जना खेलाडीमध्ये २२ जना वास्तविक उमेरका खेलाडी रहेको क्यानले ठहर गरेको थियो। ती खेलाडीको थप परीक्षण गर्न एसीसीमा पठाउँदा १३ जना मात्र वास्तविक उमेरका रहेको पत्ता लागेको थियो। चोटका कारण केही साताअघि बंगलादेशविरुद्ध भएको मैत्रीपूर्ण खेलमा सहभागी हुन नसकेका आकाशसिंह परियार अन्तिम चरणमा छनौट भएका छन्। यदि आकाश स्वास्थ्य परीक्षणमा सफल नभए नेपाली टिम १३ सदस्यीय मात्र हुने थियो। क्यानले बन्द शिविरमा राखेका खेलाडीहरूको थप परीक्षणका लागि एसीसी पठाउँदा सहनाज अली, उज्ज्वल थापा, पवन श्रेष्ठ, नवराज शाही तथा निर्मल थापा अयोग्य घोषित भए। बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलमा उमेर समूहको बोर्डर लाइनमा परेको आशंकामा सहभागी नगराइएका विवेक दली र भुवन कार्कीलाई भने एसीसीको छानबिन कमिटीले क्लिन चिट दिएको छ।

बुधबार प्रारम्भ भएको १७ वर्षमुनिको एसीसी एलाइट क्रिकेट प्रतियोगितामा नेपाली टिमको नेतृत्व पृथु बाँस्कोटाले गरिरहेका छन्। यो टिममा प्रदीप ऐरी, सागर पुन, रोचक भट्ट, निश्चल सिंह चौधरी, विवेक दली, कृतेन गुरुङ, भुवन कार्की, कृष्ण कार्की, अविनाश कर्ण, आयुश राणा, अमनदीप सिंह, प्रतीक सिंह तथा आकाशसिंह परियार समावेश छन्।

सन् २००६ मा मलेसियामा सम्पन्न १५ वर्षमुनिको एसीसी प्रतियोगितामा नेपालको कप्तानी सम्हालेका बाँस्कोटाले त्यति बेला नेपाललाई उपाधि दिलाएका थिए। यो प्रतियोगिता गृहमैदानमा हुँदा उनलाई आफ्नो प्रतिभा देखाउन थप हौसला मिल्नेछ। यद्यपि नेपाली टिममा केही खेलाडी चोटग्रस्त भएका कारण नेपालले यो प्रतियोगितामा सफलता हात पार्न निकै मेहनत गर्नुपर्ने देखिन्छ।

# सुमन भए शारीरिक सुगठनका हिरो





धरान– शनिबार धरानमा सम्पन्न प्रथम कोसी खुला अञ्चलव्यापी शारीरिक सुगठन प्रतियोगिताको उपाधि युनिक हेल्थ क्लब, धरानका सुमन श्रेष्ठले जितेका छन्।

प्रतियोगितामा १९ प्रतियोगीलाई पछि पार्दै श्रेष्ठले उपाधि हात पारेको हुन्। ६० केजी तौल समूहबाट प्रतिस्पर्धा गरेका सुमन मिस्टर धरानसमेत भैसकेका छन्। प्रतियोतिगामा ५५ केजी तौल समूहका मनिष लिम्बू फस्ट रनरअप भए। ६५ केजी तौल समूहका विश्व थाम्देन सेकेन्ड रनरअप र ७० केजी तौल समूहमा लक्ष्मण बस्नेतले थर्ड रनअपको उपाधि हात पारेका थिए।


यस्तै बेस्ट पोजरको उपाधि ६५ केजी तौल समूहका पूर्ण तामाङले पाए। उनलाई आयोजकले नगद २ हजारसहित ट्रफी प्रदान गरेका थिए। कोसी अञ्चलस्तीय प्रतियोगिता भनिए पनि मोरङका एक क्लबबाहेक धरानकै क्लबहरूको सहभागिता थियो। प्रतियोगिता ५५, ६०, ६५ र सोभन्दा माथिको तौल समूह गरी जम्मा चार चरणमा सम्पन्न गरिएको थियो।

**–भीषण राई**

● मैदान बाहिर ●

## बारबाडोसमा बिकिनी प्रदर्शन

# बेलायतीहरूको चासो




युनाइटेडका वाह्ये रुनीकी प्रेमिका कोलिनको चर्चा अहिले बेलायतबाट प्रकाशित हुने पत्रपत्रिकामा विशेष चासोका साथ प्रकाशित हुन थालेको छ। बेलायतको जाडो छल्न कोलिन अहिले बारबाडोसमा आफ्ना केही हितैषीहरूका साथ समुद्री तटमा 'सन बाथ' लिइरहेकी छिन् तर उनले आफ्नो यो भ्रमणमा वाह्ये रुनी भने साथमा छैनन्। कोलिनको पछि भने टन्न पापाराजी फोटोग्राफरहरू लागेका छन्। पापाराजी फोटोग्राफरहरूका अनुसार कोलिन 'सन बाथ' की सौखिन हुन्- उनले सन् बाथको मजा लिन मियामीदेखि न्यूयोर्कसम्म, मस्कोदेखि लसभेगास हुँदै इटाली अनि क्यारिबियन क्षेत्रसम्म चहारेकी छिन्। पापाराजी फोटोग्राफरले कोलिनलाई सधैं फरक-फरक रंगको पोसाकमा पाउने गरेका छन्। हुन पनि कोलिन एक पटक लगाएको बिकिनीमा कहिल्यै दोहोर्‍याएर प्रस्तुत भएकी छैनन्। यो रहस्योद्घाटन भएपछि अहिले कोलिन बिकिनी लभरका रूपमा पनि चर्चित भएकी छिन्।



जाडोयाममा नेपालका हिमाली तथा पहाडी क्षेत्रमा मानिसहरू घाम ताप्न तराईतर्फ झर्ने चलनलाई पुरानै हो। युरोपमा पनि जाडोयाममा मानिसहरू 'सन बाथ' लिन क्यारिबियन क्षेत्र वा अस्ट्रेलियातर्फ जान्छन्। यद्यपि युरोपमा 'सन बाथ' को आनन्द लिन भने खल्तीमा टन्न पैसा हुनुपर्छ वा भनौं अहिले युरोपका टन्न पैसावालहरू 'सन बाथ' लिन अन्य महादेशतर्फ गएका छन्।

युरोपमा बढेको जाडो छल्न अन्यत्र गएर 'सन बाथ' लिने होडमा म्यानचेस्टर



२२ वर्षीया कोलिनले यो मौसममा घाम ताप्न बारबाडोसमा ६ दिन बिताउने कार्यक्रम बनाएकी छिन्। यो भ्रमणमा कोलिनले वाह्ये रुनीलाई संलग्न नगरे पनि उनी यो क्षणमा रमाइलो गर्ने मुडमा देखिएकी छिन्। पहिलो दिन फूलबुट्टा भएको बिकिनीमा देखा परेकी कोलिन अर्को दिन गाढा रातो बिकिनीमा देखा परिन्। बारबाडोस भ्रमणका क्रममा उनलाई नयाँ डिजाइनिङको ड्रेसमा देख्ने सोच बनाएकाहरू अहिले उनको बिकिनी देखेर छक्क परेका छन्। उनी कुनै दिन दुई पटक समुद्री तटमा जाँदा फरक-फरक बिकिनीमा समेत प्रस्तुत हुने गरेकी छिन्।

बारबाडोसको महँगो रिसोर्ट स्यान्डी ल्यान्डमा कोलिनले गरेको बिकिनी परिपर्वतप्रति बेलायतमा निकै चर्चा चलेको छ। उनले कुन ब्रान्डको बिकिनी लगाएकी छिन् भनेर संवाददाताहरूले गरेको खोजमा के पाइयो भने उनले लगाउने बिकिनीको मूल्य २ सय स्टर्लिङ पाउन्ड (साढे २१ हजार रुपैयाँ) छ। मेलिसा ओडावास बुटिकले निर्माण गरेको यो बिकिनी स्पाइस, जे-लो, गेरी र चेरी कोलले पनि प्रयोग गर्छन्। हालै चेरी कोलले यो कम्पनीको भिटामिन ए ब्रान्डको बिकिनी सार्वजनिक गरेकी थिइन्।

बारबाडोसमा बिकिनी प्रस्तुत गरे पनि कोलिनको मनसाय भने आफ्नो शरीरलाई आकर्षक बनाउने छ। यसका लागि उनी व्यायाम पनि गरिरहेकी छिन्। केही समयअघि अर्का बेलायतका फुटबलर स्टेभन गेराल्डलाई अपशब्द प्रयोग गरेको अभियोगमा कोलिनका १९ वर्षीय भाइ एन्टोनी म्याककोलिनलाई प्रहरीले पक्राउ गरेको थियो। यो घटनाले निकै चिन्तित भएकी कोलिन भाइको रिहापछि तनावलाई विश्राम दिन पनि यो तटमा आएको बताइन्छ।





तस्बिर : उज्ज्वल डंगोल

# विभागीय टिमकै वर्चस्व

**शिव मुखिया**

काठमाडौं– राजधानीमा सम्पन्न अधिराज्यव्यापी खुला पुरुष तथा महिला बक्सिङ प्रतियोगितामा आर्मी क्लबका देवेन्द्रराज सिंह ठकुरी पुरुषतर्फ र नेपाल पुलिसकी अनुराधा लामा महिलातर्फ उत्कृष्ट वक्सर घोषित भए। देवेन्द्रले ५४ केजी तथा अनुराधाले ५७ केजी समूहमा स्वर्ण पदक जितेका थिए। फाइनल खेलमा देवेन्द्रले एपीएफका युकेश नगरकोटी र अनुराधाले बाजुराकी धनी थापालाई ढालेका थिए। उत्कृष्ट भएबापत देवेन्द्रले १० हजार रुपियाँ र अनुराधाले ६ हजार रुपैयाँ बराबरको एडिडासको गिफ्ट ह्याम्पर प्राप्त गरे।

राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सम्पन्न प्रतियोतामा सशस्त्र प्रहरी बलको एपीएफ क्लब टिम च्याम्पियन घोषित भयो। महिला तथा पुरुषका १८ मध्ये एपीएफले सर्वाधिक ११ स्वर्ण हात पारेको थियो। प्रतियोगितामा पुलिस, आर्मी, एपिएफलगायत विभिन्न क्लब र जिल्लाका १ सय ४४ खेलाडीको सहभागिता थियो। सहभागीमध्ये ६० प्रतिशत काठमाडौंबाहिरका खेलाडी थिए भने उनीहरू आफ्नै खर्चले प्रतियोगितामा सहभागी हुन राजधानी आएका थिए।

सोमबार सम्पन्न फाइनलमा सचिन राउतले ४८ तथा लक्ष्यमान तामाङले ५१ केजी समूहमा स्वर्ण पदक हात पारे। सचिनले कञ्चनपुरका विमलकुमार सिंहलाई र लक्ष्यमानले मकवानपुरका सुदेश मानन्धरलाई हराएका थिए।

महिलाका ८ तौल समूहमध्ये एपीएफको पोल्टामा ६ स्वर्ण पदक गयो। ४६ केजी फाइनलमा एपीएफकी माला राईले पूर्वाञ्चल वक्सिङ संघकी सुरजमुनी हेमरनलाई पराजित गरिन्। माया चौधरी ४८ केजी, सुमित्रा नापित ५० केजी, कुगामाया पाखिन ५२ केजी, साजु लामा ५४ केजी तथा दीपा क्षेत्री ६० केजी समूहमा च्याम्पियन बने। मायाले एपीएफकै प्रमिला पाण्डेलाई, सुमित्राले गुल्मीकी प्रभा रजालीलाई, मुगमायाले मेघदूत क्लबकी मन्जु नगरकोटीलाई हराएका थिए। यसैगरी सञ्जुले मेघदूतकी इन्दु नगरकोटी र दीपाले कञ्चनपुरको आशा हमालमाथि विजय प्राप्त गरे। महिलाको बाँकी दुई स्वर्णमा नेपाल पुलिस क्लबले कब्जा जमायो। पुलिसकी अनुराधाले ५७ र मिनाष राईले ६३ केजी समूहमा स्वर्ण पदक हात पारे। मिनाषले योङ स्टार क्लबकी देवकी घिमिरेलाई हराइन्।

पुरुषतर्फ ११ मध्ये एपीएफले ५ स्वर्ण पदक जितेको छ। ६० केजीमा अजित गुरुङले आफ्नै क्लबका विकास लामालाई हराए। ६४ केजीमा सुशील घिमिरेले आरएससीका आधारमा आर्मीका भूपेन्द्र बखुन्छेलाई ढाले। ६१ केजीको फाइनलमा देवेन्द्र महर्जन आर्मीका सँदन गुरुङलाई हराए।

उज्ज्वलसिंह थापाले मकवानपुरका राजन शिल्पकारलाई पन्छाए। ८१ केजीको फाइनलमा नेपाल युवा बक्सिङ ग्रुपका दीपक महर्जनले वाकओभर पाएर स्वर्ण पदक पाए। ४५ केजीमा पूर्वाञ्चलका सुतिन हेमरन च्याम्पियन वने। सुतिनले सुर्खेतका गणेश वुढाथोकीलाई पन्छाएका थिए। ५७ केजीको फाइनलमा पुलिसका दिनेश श्रेष्ठले टीकाथलीका सुरेन्द्र कार्कीलाई अंकका आधारमा पछि पारे।

# मनीष फिडे मास्टर, अनिश ग्रान्ड मास्टर



काठमाडौं– बालाजुका मनीष हमाल नेपालको पहिलो बुद्धिचाल फिडे मास्टर बनेको चर्चा सेलाउन नपाउँदै नेपाली मूलका एक किशोर ग्रान्ड मास्टर बनेका छन्। नेपाली बाबु र रूसी आमाको कोखबाट जन्मिएका अनिश गिरीले सानो उमेरमै यो सफलता हासिल गरेका हुन्। उनी विश्वकै १२ औं कान्छा ग्रान्ड मास्टर हुन्।

फिडे मास्टर अनिश शनिबार कोरस चेस प्रतियोगिता २००९ को एघारौं राउन्डमा भेनेजुयलाका एडुआर्डो इटुरिजागालाई हराएपछि ग्रान्ड मास्टर बनेका हुन्। २४६९ रेटेड उनी तीन समूहमध्ये 'सी' का प्रतिस्पर्धी हुन्। अनिश हाल १४ वर्ष ७ महिनाका भए। सानैदेखि चेसमा रुचि राख्ने अनिशले सानो उमेरदेखि नै चेसबोर्डमा हात राखेका हुन्। सन् १९९४ जून २८ मा सेन्ट पिटसवर्गमा जन्मिएका गिरी नेदरल्यान्डको डेल्फास्थित ग्रोटिस कलेजमा अध्ययनरत छन्। अनिशले ९ वर्षको छँदा जापानको होक्काइडोमा पहिलो पटक चेसको उपाधि जितेका थिए। उनी चेसबाहेक फुटबल र टेबलटेनिस खेल्न रुचाउँछन्। आमासँग चेस खेल्दै हुर्किएका गिरीले आफूलाई इन्टरनेटबाट बढी पोख्त बनाएका हुन्। रूसकै गेरी कास्पोरोभलाई उनी चेसको आदर्श मान्छन्। अनिशका बुबा साजय गिरी वैज्ञानिक हुन्। उनले रूसलाई कर्मभूमि बनाएका थिए। उनको परिवार नेदरल्यान्डमा बसोबास गरिरहेको छ।

यसअघि नेपालका पहिलो फिडे मास्टर मनीषले केही महिनाअघि जर्मनीको ड्रेस्डेनमा भएको चेस ओलम्पियाडमा राम्रो प्रदर्शन गरेका थिए। त्यही प्रदर्शनले उनलाई फिडे मास्टर बनाउन मद्दत पुग्यो। नेपाल बुद्धिचाल संघलाई अन्तर्राष्ट्रिय बुद्धिचाल महासंघले हमाल फिडे मास्टर भएको जानकारी गराएको छ। ग्रीसको एथेन्समा बसेको महासंघको कार्यसमिति बैठकले हमाललाई फिडे मास्टर बनाउने निर्णय गरेको थियो।

# पहिलो पटक महिला वुद्धिचाल



काठमाडौं– नेपालमा पहिलो पटक राष्ट्रिय स्तरको महिला बुद्धिचाल प्रतियोगिता हुने भएको छ। फागुनको पहिलो साता राजधानीमा राष्ट्रिय महिला बुद्धिचाल प्रतियोगिताको थालनी गरिने भएको हो। महिला बुद्धिचाललाई बढावा दिने उद्देश्यले यो प्रतियोगिताको आयोजना गर्न लागिएको बताइएको छ। फागुन १ देखि ५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको आयोजना नेपाल वुद्धिचाल संघले गर्नेछ। नेपालमा पुरुषको राष्ट्रिय प्रतियोगिता १५ औं संस्करणमा पुगे पनि महिलाको अहिलेसम्म प्रतियोगिता नभएको आयोजक संस्थाका अध्यक्ष राजेशहरि जोशीले बताए। संघको हालै बसेको बैठकले फागुन पहिलो सातादेखि राष्ट्रिय स्तरको महिला बुद्धिचाल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो। अन्तर्राष्ट्रिय बुद्धिचाल महासंघले आउँदो चेस ओलम्पियाडमा एक महिलाको सहभागितालाई अनिवार्य गराएपछि संघले महिला प्रतियोगिता आयोजना गर्न लागेको हो। प्रतियोगितामा देशभरिबाट ५० जना खेलाडीको सहभागिता रहने अनुमान गरिएको छ। खेल स्वीस प्रणालीमा आठौं राउन्डसम्म चल्नेछ। प्रतियोगितामा प्रथमदेखि दसौं स्थानका खेलाडीलाई नगद पुरस्कार प्रदान गरिने अध्यक्ष जोशीले बताए। प्रतियोगिता आयोजनाका लागि मकवानपुरनिवासी रमा थापामगरले १ लाख ५० हजार रुपियाँ प्रदान गरेकी छिन्। संघले यो प्रतियोगिता वार्षिक रूपमा निरन्तर आयोजन गर्ने लक्ष्य लिएको छ। संघले वार्षिक रूपमा राष्ट्रिय महिला भेट्रान्स जुनियर यु १४ र यु २० गरी ५ वटा राष्ट्रिय प्रतियोगिता गर्ने लक्ष्य राखेको छ।

# बास्केटबलको उपाधि नेसनल कलेजलाई



विराटनगर- प्रथम भीम-गंगा अन्तरकलेज डे-नाइट बास्केटबल प्रतियोगिताको उपाधि धरानको नेसनल मल्टिपल कलेजले जितेको छ। गत आइतबार बेलुका विराटनगरमा सम्पन्न फाइनलमा इटहरीको कस्तुरी कलेजलाई २८ का विरुद्ध ७९ स्कोरले पराजित गरी नेसनलले नगद १० हजार र शिल्डसहितको उक्त उपाधि जितेको हो।

विजेता टिमका तर्फबाट म्यान अफ द फाइनल नरेश राईले सबैभन्दा बढी स्कोर गरेका थिए। त्यस्तै उपविजेता टिमका तर्फबाट क्वाटर र सेमिफाइनलका म्यान अफ द म्याच सन्त राईले सबैभन्दा बढी स्कोर गरेका थिए। म्यान अफ द सिरिजको उपाधि विजेता टिमका विशाल लिम्बूले प्राप्त गरे। प्रतियोगिताको पहिलो खेलमा विराटनगरको विराट साइन्स कलेजलाई २५ का विरुद्ध १ सय १६ स्कोरले पछि पारेर नेसनल क्वाटर फाइनलमा प्रवेश गरेको थियो।

धरानकै विजयपुर कलेजलाई ४७ का विरुद्ध १ सय ९ स्कोर गरेर सेमिफाइनल प्रवेश गरेको नेसनल कलेज विराटनगरको अरनिको उच्च मा.वि.लाई ३२ का विरुद्ध ९७ स्कोर गरेर फाइनलमा पुगेको थियो। त्यस्तै उपविजेता कस्तूरीले प्रिक्वाटर फाइनलमा पराजयको सामना गरे पनि धरानको डिपोट कलेजले बाहिरका खेलाडीलाई खेलाएकाले क्वाटर फाइनलमा जाने मौका पाएको थियो। डिपोट भने गेमबाट बाहिरियो। विराटनगरको म्यानेजमेन्ट कलेजलाई ३२ का विरुद्ध ८४ स्कोरले पछि पारेर कस्तूरी सेमीफाइनलमा पुगेको हो। सेमिफाइनलमा विराटनगरको लर्डबुद्ध कलेजलाई २७ का विरुद्ध ५८ स्कोरले पराजित गरी कस्तूरीले फाइनल-सम्मको यात्रा तय गरेको थियो।

साउथ एसियन स्कुल अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट (सास्थम) कलेजको आयोजनामा भएको प्रतियोगितामा मोरङ र सुनसरीका १२ क्याम्पसका १३ वटा टिमको सहभागिता थियो। प्रतियोगितामा विराटनगरको लर्डबुद्ध कलेजले तेस्रो स्थान हासिल गऱ्यो।

**–कमल रिमाल**

## अन्तरकलेज बास्केटबल

पोखरा- अन्तरकलेज बास्केटबल प्रतियोगिताको उपाधि छात्रतर्फ जनप्रिय बहुमुखि क्याम्पस र छात्रातर्फ कन्या क्याम्पसले हात पारेका छन्। नेपाल टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेजको आयोजनामा भएको प्रतियोगिताको शनिवार भएको फाइनल खेलमा जनप्रियले कालिका बहुमुखि क्याम्पसलाई ३६ का विरुद्ध ५९ स्कोरले हराएको थियो। त्यस्तै छात्रातर्फको खेलमा कन्या क्याम्पसले आयो नेपाल टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेजलाई १८ का विरुद्ध २४ स्कोरले पराजित गरेको थियो।

प्रतियोगितामा छात्रतर्फ कालिका बहुमुखी क्याम्पसका पदम गुरुङ र छात्रातर्फ आयोजक नेपाल टुरिज्म एण्ड होटल म्यानेजमेन्ट कलेजकी निशा प्रधान उत्कृष्ट खेलाडी घोषित भए। तीन दिनअघि सुरु भएको छैटौं अन्तरकलेज प्रतिोगितामा छात्रतर्फ १८ र छात्रातर्फ ६ टिमले भाग लिएका थिए।

नारी मासिकको फागुन अंक



गणेश रसिकको शब्द तथा सङ्गीतको यो गीत–

**धेरै सम्झे धेरै हुन्छ**
**थोरै सम्झे थोरै हुन्छ**
**नसम्झे पनि केही छैन**
**तिमीलाई दिएको मेरो माया ।**

अहिले पनि यो गीत रेडियोमा बज्दा समीरलाई चलचित्र झैं पुराना दिनहरूको झल्झली सम्झना आउँछ । भर्खर दस जोड दुई पास गरी फरेस्ट्री पढ्न देहरादून पुगेका समीरलाई नयाँ सहपाठीका रूपमा नीतासँग कलेजको पहिलो दिन नै चिनजान गर्ने अवसर प्राप्त भएको थियो । नीता पनि समीरजस्तै मेहनती र संघर्षशील स्वभावकी थिइन् । समीर नीताको जुझारु एवं सादगीपनबाट पहिलो भेटदेखि नै प्रभावित भैसकेको थियो । उनी पढ्नमा पनि तेज थिइन् । शालिन सुन्दरताभित्र उनको कुरा गर्ने विशेष अन्दाजले पनि होला, त्यो चारवर्षे अध्ययनका क्रममा कति खेर समीरभित्र प्रेम अंकुरित भयो, थाहै भएन । एक दिन अचानक समीरको होस्टल कोठामा आएर नीता निकै बेर रोएकी थिइन् । अनेकौं पटकको सोधाइपछि मात्र उनले आफ्ना स्वर्गीय पिताको सम्झनामा आफूलाई सम्हाल्न नसकी त्यसरी आँसु खसालेको बताइन् । त्यो आँसुसँगै कतिखेर समीरको पनि आँखाबाट आँसु बगेछ, थाहै भएन । नीताले सेकेन्ड इयरको परीक्षामा कलेज टप गर्दा समीरलाई स्वयं आफूले टप गरेजस्तो लागेको थियो । यसै प्रकारले दिनहरू बितिरहेका थिए । ती दिनहरूमा समीरले 'नीता, म तिमीलाई प्रेम गर्छु' भन्ने हिम्मत देखाउन सकेन । सायद त्यो एकोहोरो प्रेम नीताका अगाडि निर्जीव मुर्दाझैं हुन्थ्यो । त्यसैले होला, समीरको हृदयभित्रको प्रेमको ज्वालामुखी फुटेर कहिल्यै बाहिर बगेन, बरु भित्र-भित्र दन्किरहयो, बलिरहयो र आगो भैरहयो । अर्कातर्फ नीताले समीरको त्यो निश्चल मायालाई अन्दाज गर्न सकिनन् ।



विक्रम राई

## • प्रसंग कतिपय •

**अन्तिम वर्षको अन्तिम परीक्षा सकिएको थियो । 'आज फिल्म हेर्न जाऊ है,' समीरले भन्यो । मेटनी सो हेरिसकेपछि दुवै जना घुम्न निस्किए । पढाई सिद्धिएको जोस अनि फेरि यसरी भेट हुन्छ कि हुँदैन भन्ने शंकामा उनीहरू राति अबेरसम्म घुमे । त्यो दिन प्रेम-प्रस्ताव राख्ने प्रयास गर्दा फेरि पनि उसले सकेन । वास्तवमा एकोहोरो प्रेमको दोष भन्नु नै प्रेमिकाको अगाडि बोल्न नसक्नु हो ।**

अन्तिम वर्षको अन्तिम परीक्षा सकिएको थियो । 'आज फिल्म हेर्न जाऊ है,' समीरले भन्यो । मेटनी सो हेरिसकेपछि दुवै जना घुम्न निस्किए । पढाई सिद्धिएको जोस अनि फेरि यसरी भेट हुन्छ कि हुँदैन भन्ने शंकामा उनीहरू राति अबेरसम्म घुमे । त्यो दिन प्रेम-प्रस्ताव राख्ने प्रयास गर्दा फेरि पनि उसले सकेन । वास्तवमा एकोहोरो प्रेमको दोष भन्नु नै प्रेमिकाको अगाडि बोल्न नसक्नु हो । गर्ल्स होस्टलको ब्लक छुट्टिने ठाउँनजिक आइसकेपछि पनि समीरले मायाको प्रस्ताव राख्न सकेन । समीरलाई भोलि नै दमक फर्कनु थियो । उता नीता पनि घर फर्कने क्रममा बिहानै धनगढी हिंड्ने तरखरमा थिइन् ।


'सी यू इन होमल्यान्ड' भन्दै नीता आफ्नो होस्टल ब्लकतर्फ लाग्दा रातको साढे बाह्र बजिसकेको थियो । ऊ निराशापूर्वक 'ओके' भन्दै आफ्नो ब्लकतिर सोझियो ।

समयसँगै नितासँग भेट नभएको बीस वर्षभन्दा बढी भएछ । 'कस्तो मोटाएकी तिमी,' समीरले ऊतिर हेर्दै आश्चर्य प्रकट गर्‍यो । 'तिमी पनि मोटो र डल्लो भएछौ नि त' निताले उत्तर दिइन् । संयोग कस्तो रहयो भने सरकारले गरेको नियमित सरुवासँगै नयाँ हाकिमसा'बको स्वागतमा गरिएको पार्टीमा हाकिमकी श्रीमतीका रूपमा उनी देखा परिन् । 'ए सुन्नुहोस् न, उहाँ र म सँगै देहरादूनमा पढेको नि,' उनी समीरको परिचय आफ्नो हाकिम श्रीमान्सँग गर्दै भन्न थालिन् । 'जागिर र पढाइ सबै सन्तानका लागि त्यागिदिएँ,' नीता सुनाउन थालिन् । 'इन्डियाबाट फर्किएको केही महिनापछि नै खाएको एनजीओको जागिरमा पहिलो वर्ष नै उहाँले प्रेम र विवाहको प्रस्ताव राख्नुभयो अनि घरजम गरियो', उनले हाँस्दै भनिन् । त्यो पार्टी अवधिभर समीरलाई समय कटाउन उकुस-मुकुस भयो । 'उफ □ मैले किन चार वर्षसम्म उनलाई आ□नो चोखो मायाका बारेमा थाहा दिन सकिनँ ?' घर फर्कने क्रममा बाटोभरि समीर एक्लै बरबराउँदै थियो । सायद ऊजस्ताको चोखो मायालाई गणेश रसिकले उहिल्यै अनुभव गरेका होलान् ..........

**मेरो मन तिमीकहाँ बन्धकी छ**
**सकिनँ मैले उकासिलान**
**मेरो मन तिमीकहाँ कैदी छ**
**सकिनँ म रिहाई हुन ।**

prasangakatipaya@hotmail.com

# रमाइलो एनटिभी नाइट



**साप्ताहिक समाचार**

काठमाडौं– देशकै पहिलो टेलिभिजन च्यानल नेपाल टेलिभिजनले २४ औं वर्ष पूरा गरेको उपलक्ष्यमा गत बिहीबार राजधानीमा एउटा रमाइलो कार्यक्रम सम्पन्न भएको छ । जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित 'एनटिभी नाइट' मा गीत, नृत्य तथा प्रहसनले कार्यक्रम हेर्न भेला भएका दर्शक मात्र होइन, नेपाल टेलिभिजनको प्रत्यक्ष प्रसारण हेरिरहेका दर्शकले पनि रमाइलो अनुभव गरे ।

'पूर्व कोही पश्चिम घर...' स्व.गोपाल योञ्जनको यो राष्ट्रिय गीतमा गरिएको नृत्यबाट कार्यक्रम प्रारम्भ भयो । लोकगायिका सत्यकला राईको आधुनिक गायनबाट अघि बढेको उक्त कार्यक्रम नायिका प्रेरणा शर्मा, प्रणव राई तथा समूहको आकर्षक नृत्यसँगै तातेको थियो । 'जोवन कलकलाउँदो...' दोहोरी गीतमा प्रस्तुत गरिएको सामूहिक नृत्य पनि उत्तिकै आकर्षक रहयो । गीत तथा नृत्यको क्रम जारी रहँदा संगीतकार अनिल शाहीको ब्याण्डले प्रस्तुत गरेको 'लाइभ म्युजिक' ले कार्यक्रमलाई संगीतमय बनायो ।

रोशन पुरीद्वारा संयोजन गरि एको कार्यक्रममा गायिका पुष्पा पौडेलले आफ्नो चर्चित गीत 'सानी...' प्रस्तुत गरिन् । त्यसपछि प्रेक्षालयलाई तताउन पालो थियो नायिका तथा नृत्यांगना दिया मास्केको छ । टाइट जिन्स र टिसर्टमा सजिएकी नृत्यांगना मास्केले 'सालको पात टपरी...' गीतको रिमिक्स भर्सनमा प्रस्तुत गरेको नृत्यमा दर्शकले वान्स मोर भनेका थिए । यश कुमार, निर्णय श्रेष्ठ, मौसमी गुरुङ, शीतल-शुभानी मोक्तान आदि गायक-गायिकाको गायन मात्र होइन, 'राजा बेइमान...' गीतको आइटम नृत्य कार्यक्रमका मुख्य आकर्षण रहे ।

# राजधानीमा लभ्ली पोखरा




**साप्ताहिक समाचार**

काठमाडौं– गत साता राजधानीमा पर्यटन प्रवर्द्धन गर्ने एउटा वृत्तचित्र प्रदर्शन भयो । पोखराको सुन्दरता समेटिएको उक्त वृत्तचित्रको शीर्षक नै 'लभ्ली पोखरा' थियो । पोखराको प्राकृतिक सुन्दरता तथा आकर्षण चित्रण गरिएको यो वृत्तचित्रका दर्शकले आन्तरिक पर्यटनलाई टेवा त दिने नै छ, साथै विदेशमा यसको प्रदर्शनपछि पोखरा घुम्न आउने विदेशी पर्यटकको संख्या वृद्धि हुन सक्ने कुरामा दुईमत छैन ।

पर्यटन बोर्डमा गत शनिबार प्रदर्शन गरिएको 'लभ्ली पोखरा' मा पर्यकीय सहर पोखराको सेरोफेरो समेटिएको छ । घनश्याम लामिछानेद्वारा निर्देशित यो वृत्तचित्रमा पोखराका ताल, गुफा, संग्रहालय, स्तूप, मन्दिर, गुम्बा आदिका साथै प्याराग्लाइडिङ, एयर क्राफ्ट आदिको रौनक पनि प्रस्तुत गरिएको छ । पोखरामा हुने विभिन्न महोत्सव तथा संस्कृतिलाई समेत समावेश गरिएको यो वृत्तचित्रको निर्माण तीन वर्षमा पूरा गरिएको निर्माण पक्षले जनाएको छ । श्याम शुक्ल फिल्म प्रोडक्सनद्वारा निर्मित यो वृत्तचित्रमा निर्देशक घनश्याम लामिछाने तथा अमृत भादगाउँलेको लेखन, डिक खड्काको छायांकन, सुबोध श्रेष्ठको सम्पादन तथा नारायण श्रेष्ठको उद्घोषण छ । पर्यटन प्रवर्द्धन तथा अनुसन्धानका लागि वृत्तचित्र उपयोगी हुने विश्वास निर्माण पक्षको छ ।





Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor Tel: 016217094 | Adwait Marg Old Buspark Tel: 4232866 | Lagankhel: Tel: 5004018

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
नेपालमा पहिलो उद्यमशीलता तालिम तथा रोजगारी विकास
DIGITAL VIDEO-EDITING & ANIMATION
WORK IN USA फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

३ महिनामा ४" उचाइ बढाउने 3100/-
◆ केश झर्न रोकी उमार्ने र बाक्लो बनाउने (Tonic) 850/-
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउने + घटाउने 1700/-
◆ जस्तो सुकै चाउरीपनाको लागि क्रिम 1250/-
◆ डण्डीफोर, चाया, पोतोको लागि क्रिम 1700/-
◆ १ महिनामा ४ देखि ६ किलो मोटोपन घटाउने 3200/-
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)600/-
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार) 400/-
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532

Worldwide Valid Certificate
होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
▸ कुक १ १/२ महिना रू. २७००/-
▸ कुक ३ महिना रू. ३७००/-
▸ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित ।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने ।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइन ।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

ग्लोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस अनि मात्र भर्ना लिनुहोस ।
For Quality Learning
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।